# लेखापरीक्षण प्रतिवेदन

# नीलकण्ठ नगरपालिका, धादिंग

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## नीलकण्ठ नगरपालिका, धादिंग

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/322

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,

नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

धादिङ्ग।

## कैफियतसहितको राय

हामीले नीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. २९ करोड ५ लाख ६४

हजार, स्थानीय तह प्रशासकिय भवनको रु. १२ लाख र स्वास्थ्य क्षेत्र कार्यक्रमको रु २४ लाख २० हजार समेत गरी रु. २९ करोड ४१ लाख ८४ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. २ अर्ब ८० करोड ३० लाख ७२ हजार लेखापरीक्षणवाट रु. ४६ लाख ६३ हजार बेरुजू देखिएकोमा रु. १२ लाख ४३ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजु रु ३४ लाख २० हजार रहेको छ ।सो मध्ये नियमित गर्नुपर्ने रु.३४ लाख २० हजार मात्रै रहेको छ।पालिकाको गत वर्ष सम्म रु. ४२ करोड ५६ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४२ करोड ९० लाख ४६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नीलकण्ठ नगरपालिका सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नीलकण्ठ नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु -बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ८१ | २१ | ४६,६३,०९१ | ० | १७ | १२,४३,०८९ | ० | ८१ | ४ | ३४,२०,००२ | ० | ३४,२०,००२ | ० | ० | ० | ३४,२०,००२ | | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | ४२,५६,२५,९८४ | ० | ० | ४२,५६,२५,९८४ | ० | ३४,२०,००२ | ४२,९०,४५,९८६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४४ | विनियोजन भन्दा बढी खर्च | २,३७,५८२ |
| २ | २०८०/८१ | ४६ | वडा कार्यालयमा डोर हाजिरी पारिश्रमिक | २,१०,२१० |
| ३ | २०८०/८१ | ५७ | मूल्य अभिवृद्धि कर कट्टी नगरेको | १,०६,१०२ |
| ४ | २०८०/८१ | ५९ | मू अ कर मा दर्ता नभएको संग खरिदः | ५,७५,३८५ |
| ५ | २०८०/८१ | ७० | अनुपातिक बढी भुक्तानी | १,१३,८१० |
| जम्मा | | | | १२,४३,०८९ |

# (८०३३०४०२३०० - नीलकण्ठ नगरपालिका, धादिंग )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ । यस पालिकामा १४ वडा रहेको छ भने १२० वर्ग कि मि क्षेत्रफल र ५८५१५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।५।२१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । नमुना परीक्षणवाट सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. २८०३०७१५२३, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.२८०३०७१५२३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५६,३६,३०१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि नं | दाखीला विवरण | शिर्षक | वैक नाम र दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|---|
| १ | पदाधिकारी बैठक भत्ता | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/28 | ३०६०० |
| 2 | राजस्व दाखिला | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/27 | ८६३३४ |
| 3 | पारिश्रमिक कर | संघ बेरुजु खाता | रा.वा.बैं 2081/05/28 | ५६२९६ |
| 4 | पारिश्रमिक कर | संघ बेरुजु खाता | रा.वा.बैं 2081/05/28 | १९४४० |
| 5 | बढी भुक्तानी | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/28 | १७५९५ |
| 6 | प्रोग्राम अपडेट | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/28 | १०००० |
| 7 | पदाधिकारी बैठक भत्ता | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/30 | २८९०० |
| 8 | वडामा अनुगमन | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/30 | २३९५० |
| 9 | अनुगमन भत्ता | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/30 | ७२२३० |
| १० | पूर्व निर्धारित क्षतिपूर्ति | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/28 | १८८४७ |
| ११ | नम्स विपरित भुक्तानी | संघ बेरुजु खाता | रा.वा.बैं 2081/05/28 | ३१८७५ |
| १२ | ओजेटि अनुदान | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/27 | ३८६२८६ |
| १३ | यातायात भत्ता | संघ बेरुजु खाता | रा.वा.बैं 2081/05/28 | २०८०० |
| १४ | अनुगमन भत्ता | पालिका आन्तरिक राजस्व खाता | रा.वा.बैं 2081/05/28 | ३०६०० |
| १५ | दहत्तर वहत्तर | मु अ कर | रा.वा.बैं 2081/06/2 | ८७७२५६ |
| १६ | प्रदेश अनुदान फिर्ता | विभिन्न | रा.वा.बैं 2081/06/2 | १२०९२९१ |
| १७ | बढी खर्च फिर्ता | विभिन्न | रा.वा.बैं 2081/06/2 | २१५७६९४ |
| १८ | कर रकम दाखिला | वेरुजु | रा.वा.बैं 2081/06/2 | १९८७३५ |
| १९ | पुर्वनिर्धारित क्षतिपुर्ति | पालिकाल ग १ १ खाता | रा.वा.बैं 2081/06/7 | ३५९५७२ |
|  | कुल जम्मा रकम |  |  | ५६,३६,३०१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | २२,५८,७०,५२०.१७ | २३,२०,८०,९०९.६९ |
| १३००० | अनुदान | ७१,०७,९५,७०५.६४ | ७४,८२,२४,६०६.३१ |
| १४००० | अन्य राजस्व | १,७०,०८,२८५.८४ | ८९,४०,१२५.९३ |
| क | कुल जम्मा प्राप्ति | ९५,३६,७४,५११.६५ | ९८,९२,४५,६४१.९३ |
| ३ | चालु | ७२,२२,०५,५२७.३० | ७२,३९,२४,३१२.४० |
| २१००० | पारिश्रमिक / सुविधा | ३३,४७,५३,१९९.२४ | ३६,४१,६९,९८८.५७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १८,९६,२२,६१०.४४ | ३२,५७,१९,७३६.८३ |
| २५००० | सहायता (Subsidy) | १०,००,०००.०० | १२,१४,७६८.०० |
| २६००० | अनुदान | १८,०१,६८,८४५.६२ | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | ६८,५१,५६३.०० | ९८,९२,८८७.०० |
| २८००० | अन्य खर्च | ९८,०९,३०९.०० | २,२९,२६,९३२.०० |
| ४ | पूंजीगत | ३०,६८,३९,९४३.०० | ४४,७१,३६,०४७.०१ |
| ३१११० | भवन तथा संरचना | ८,४७,८६,२७४.०० | २,०५,४८,१४२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १८,४७,०९४.०० | १,२१,७९,४५८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १९,१२,४९५.०० | ३६,६५,२२८.०० |
| ३११४० | सुरक्षा उपकरण | ५,८५,०००.०० | ७,२०,९२९.०० |
| ३११५० | सार्वजनिक निर्माण | २१,४८,९५,१३२.०० | ४०,७४,२९,५९१.०१ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | २३,१३,९४८.०० | २५,९२,६९९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ५,००,०००.०० | ०.०० |
| ख) | कुल जम्मा भुक्तानी | १,०२,९०,४५,४७०.३० | १,१७,१०,६०,३५९.४१ |
| ग) | बचत /कमी (ग = क-ख ) | (७,५३,७०,९५८.६५) | (१८,१८,१४,७१७.४८) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १,५५,२६,३७१.५५ | (१,१८,२०,४४९.६०) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | (१,९८,७३५.००) | (९,९१,९८९.१०) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (५,९८,४४,५८७.१०) | (१९,३६,३५,१६७.०८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १९,९७,०८,६८१.१० | ४१,४२,९५,८३४.७१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १३,९८,६४,०९४.०० | २२,०६,६०,६६७.६३ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले प्रकोप कोष खाता र अन्तर सरकारी अख्तियारी स्थानिय तह प्रशासकीय भवन पूर्वाधार कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम, सामाजिक सुरक्षा समेत जम्मा रु.३३९८५१५७७ को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । एकिकृत आर्थिक विवरण र सुत्रअनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ ल्या, प्राप्ति एवं भुक्तानीको हिसाव यकिन गरी बैंक मौज्दात् को फरक परेको हिसाव यकिन समयोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी आम्दानी खर्चमा पारदर्शिता कायम गर्नुपर्दछ ।

**आयव्यय विवरण**

**आ.व २०८०।८१**

**निलकण्ठ नगरपालिका**

| सि नं | आयतर्फ | | | सि नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २०११७१५२३ | १ | चालु खर्च | ७२२२०५५२७ | ७२२२०५५२७ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | ३०६८३९९४३ | ३०६८३९९४३ |
| | ख) बैंक | २०११७१५२३ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | २४६३३०८४४ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४०९८२६७० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | १९९२५७६४१ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | ६०९०५३३ | | ४ | धरौटी फिर्ता | ७३१३४३७ | ७३१३४३७ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ६७१५८८३५१ | ५ | कोषहरु पशु विमा सेना पर्यटन शिक्षा सडक वोर्ड नगर लगानि कोष आदी | ४०९५१०८९ | ४०९५१०८९ |
| | क) वित्तिय समानीकरण अनुदान | १९७२५३००० | | ६ | मौज्दात | | १३३०६१७४१ |
| | ख) सशर्त अनुदान | ४६५५८१५०० | | | क) बैंक मौज्दात | ७६६१६०८६ | |
| | ग) समपूरक अनुदान | ३०२२२०० | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ५७३१६५१ | | | ग धरौटी मौज्दात | १७७६५४१५ | |
| ४ | प्रदेश सरकारबाट अनुदान | | १०१२१७००० | | घ कोष खाताको मौज्दात | ३८६८०२४० | |
| | क) वित्तिय समानीकरण अनुदान | २४२१५००० | | ७ | शसर्त अनुदान फिर्ता | ६२००९६४५ | ६२००९६४५ |
| | ख) सशर्त अनुदान | ३७००२००० | | ८ | प्रकोप व्यवस्थापन खर्च | २०८६६९८ | २०८६६९८ |
| | ग) समपुरक अनुदान | ३००००००० | | ९ | अन्तर सरकारी अख्तियारी खर्च | २९४१८४३१४ | २९४१८४३१४ |
| | घ) विशेष अनुदान | १००००००० | | | | | |
| ५ | अन्तर सरकारी अख्तियारी प्राप्त | | २९४१८४३१४ | | | | |
| | सामाजिक सुरक्षा | २९०५६४३१४ | | | | | |
| | स्थानिय तह प्रशासकीय भवन | १२००००० | | | | | |
| | स्वास्थ्य क्षेत्र कार्यक्रम | २४२०००० | | | | | |
| ६ | अन्य | | १४९४९४९६ | | | | |
| | पर्यटन बोर्ड | २६००००० | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पशु बिमा कार्यक्रम | ४५००००० | | | | | |
| | अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम | ३४०७४४६ | | | | | |
| | नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान | ४८००० | | | | | |
| | प्रकोप व्यवस्थापन कोष | ४०००००० | | | | | |
| | विद्युतीय चुलो लागत साझेदारी | ३९४०५० | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | ३०७१७७६७ | ३०७१७७६७ | | | | |
| १० | धरौटी आय | ८४९३०९९ | ८४९३०९९ | | | | |
| | जम्मा | | १५६८६५२३९४ | | जम्मा | | १५६८६५२३९४ |
| पालिकाले वेरुजु तथा निकासा फिर्ता तर्फको जम्मा रु.२३८००० केन्द्रिय राजस्व आम्दानी तथा दाखिला गरेको आर्थिक विवरण पेश गरेको छ। | | | | | | | |

***<u>तुलना</u>***

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १९९७०८६८१.१ | ९५३६७४५११.६५ | १०२९०४५४७०.३ | १३९८६४०९४. |
| एकीकृत आर्थिक विवरणअनुसार | २०११७१५२३ | १३६७४८०८७१ | १४३५५९०६५४ | १३३०६१७४० |
| फरक | -१४६२८४२ | -४१३८०६३५९ | -४०६५४५१८४ | ६८०२३५४ |

२.४ पालिकाको प्राप्ति तथा भुक्तानी हिसावमा देखाएको गत वर्षको वाँकि मौज्दात् रु. २२,०६,६०,६६७.६३मा कुल प्राप्ति रु. ९५३६७४५११.६५ जोड गरी कुल भुक्तानी रु. १०२९०४५४७०.३ घटाउँदा अन्तिम मौज्दात् रु. १४५२८९७०८.९८ वाँकि हुने देखिन्छ। तर कार्यालयले सुत्र प्रणाली प्रयोग गरी तयार गरेको वित्तिय विवरणमा वर्षान्तमा वाँकि मौज्दात् रु. १३९८६४०९४. मात्र देखाएको छ। प्रणालीको हिसावमा अन्तिम मौज्दात् मा फरक परेको रु.५४२५६१४.९८ का सम्वन्धमा हिसावमिलान गर्नुपर्दछ।

२.५ त्यस्तै सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु २२,०६,६०,६६७.६३ रहेकोमा यस वर्ष रु १९,९७,०८,६८१.१० जिम्मेवारी सारेको छ। यसरी फरक जिम्मेवारी सारेको रु.२०९५१९८६.५३ का सम्वन्धमा पालिकाले यकिन गरी हिसाव समायोजन गर्नुपर्दछ।

२.६ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु. २०११७१५२३.३३ रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु. १९,९७,०८,६८१.१० मौज्दात् जिम्वारी सारेको छ। यसरी कम जिम्मेवारी सारेको रु.१४६२८४२.२३ का सम्वन्धमा पालिकाले यकिन गरेर जिम्मेवारी हिसावमिलान गर्नुपर्दछ।

२.७ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४ मा श्रेस्ता तथा बैंक अनुसार फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी हिसावमिलान गर्नुपर्दछ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१ असार मसान्त बाँकी |
|---|---|---|
| सञ्चित कोष | १२८५५७३८ | १८९४६२५५ |
| चालु खाता | ४१०१५१३९ | ४३२५६२३१ |
| पूँजीगत खाता | १४३३६४१८ | १२३५२०८९ |
| मर्मत खाता | ० | ० |
| कल्याण कोष तथा विविध कोष खाता | ० | ० |
| प्रकोप व्यवस्थापन कोष खाता | २१४१४८४ | २३१८२६० |
| विविध खर्च खाता | | ३८६८०२४० |
| नगर सरसफाई कोष खाता | ० | ० |
| धरौटी खाता | - | १७७६५४१५ |
| जम्मा | ७०३४८७७९ | १३३३१८४९१ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु.७०३४८७७९ वाँकि रहेकोमा वैंकमा जम्मा रु.१३३३१८४९१ मौज्दात् देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात् बढी देखिएको रु. ६२९६९७१२ का सम्वन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो निर्देशिका तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) खडा गरेको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वयन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन ।

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

•पालिकाले कार्यक्रमगत तथा योजनागत खर्च खाता राखेको छैन । यसवर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती प्रतिवेदन तयार गरेको पाईएन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वयन भएको छैन ।

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी राखी भत्ता भुक्तानी गर्ने गरेको

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा मापदण्ड बनाएकोमा सो अनुरुपका आधारमा कन्टिन्जेन्सि खर्च गरेको पाईएन । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको, खर्च लेख्न नमिल्ने शिर्षकवाट भुक्तानी दिने गरेको छ ।

• कार्यसम्पन्न प्रतिवेदन तयार गरेकोमा केहि कार्यसम्पन्न प्रतिवेदनमा अधिकार प्राप्त अधिकारीवाट प्रमाणित नभएको ।

• डोर हाजिर फाराम प्रमाणित नगरेको ।

• रसिद नियन्त्रण खाता नराखेको

• वडावाट खरिद भएका जिन्सि सामान पाम्समा दाखिला नगरेको ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।७ मा रु.१ अर्व १८ करोड ९७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।११ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन गरी सेवा प्रवाहमा सहजता ल्याउनुपर्दछ ।

५ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन नगरेको कारण वजेट सिमा तोकेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन नहुँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको छैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन योजनालाई भन्दा सालवसाली योजनाहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

८ **आय अनुमान एवं कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र कर राजस्व अनुमानको तुलनामा ९० प्रतिशत र गैह्र कर राजस्व अनुमानको तुलनामा ५४ प्रतिशत मात्र संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | गतवर्ष प्राप्ती रु. |
|---|---|---|---|
| ११३१३ सम्पती कर | ०.०० | ३४,२४,७९५.५९ | ०.०० |
| ११३१४ भुमिकर/मालपोत | ४०,००,०००.०० | ७१,३००.०० | ८८,७९,८३२.०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २,००,००,०००.०० | २,००,००,०००.०० | १,७२,६२,३११.०० |
| ११३१७ वहाल कर | ७०,००,०००.०० | ५७,६७,०४७.६२ | ६२,११,५६४.९९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १४,०३,९४,०००.०० | १२,२६,९१,०६७.९६ | १२,३१,९१,०४४.९९ |
| ११४२१ बाँडफाँड भ ्इ प्राप्त हुने अन्त:शुल्क | ०.०० | ०.०० | १,४७,२३,१३९.१८ |
| ११४५१ सवारी साधन कर (साना सवारी) | २,००,०००.०० | ०.०० | १६,०००.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६,६४,९६,४७७.६६ | ७,१०,००,०००.०० | ४,९९,२४,८४४.४३ |
| ११४७९ अन्य मनोरञ्जन कर | ३,००,०००.०० | ०.०० | ५००.०० |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | १५,००,०००.०० | १,५१,०००.०० | ६७,०००.०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | १,०००.०० | ०.०० |
| ११६९१ अन्य कर | १,०५,००,०००.०० | ४२,४९,०९६.०० | १,१८,२६,३९३.८८ |
| **जम्मा कर राजस्व** | **२५,०३,९०,४७७.६६** | **२२,७३,५५,३०७.१७** | **२३,२१,०२,६३०.४७** |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ०.०० | २,०१,८५०.८० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ५४,०००.०० | ०.०० |
| १४२१६ निजी धारा वापतको शुल्क | ०.०० | ४००.०० | ०.०० |
| १४२१८ विद्युत सेवा शुल्क | ०.०० | १,६००.०० | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ३७,७६,६६९.२४ | ०.०० |
| १४२२४ परीक्षा शुल्क | ०.०० | १९,९००.०० | ०.०० |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | ०.०० | १०,०००.०० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ५,१००.०० | ०.०० |
| १४२४२ नक्सापास दस्तुर | १,००,००,०००.०० | ४२,५९,२५३.०० | २८,१२,६८१.०० |
| १४२४३ सिफारिश दस्तुर | १,५०,००,०००.०० | ४६,४१,३५४.०० | ६०,४२,४४४.९३ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ६,२१,४००.०० | ०.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १०,००,०००.०० | २,४३,०००.०० | ६०,९००.०० |
| १४२४९ अन्य दस्तुर | २०,००,०००.०० | ५९,६१२.५० | १७,५००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ८,०९,२००.०० | ०.०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | ०.०० | ४००.०० | ०.०० |
| १४२६५ अन्य क्षेत्रको आय | ६०,००,०००.०० | ५००.०० | ०.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,००,०००.०० | ४,३९,८२५.०० | ०.०० |
| | | | |

| | | | |
|---|---|---|---|
| १४५११ बीमा दावी प्राप्ति | ०.०० | १,८००.०० | ०.०० |
| १४५२९ अन्य राजस्व | १५,००,०००.०० | १,८०,६५५.६० | ६,६००.०० |
| १४६११ व्यवसाय कर | ०.०० | १६,७२,२६५.७० | ०.०० |
| **जम्मा गैर कर राजस्व** | **३,६५,००,०००.००** | **१,६९,९८,७८५.८४** | **८९,४०,१२५.९३** |
| **जम्मा आन्तरिक राजस्व** | **२८,६८,९०,४७७.६६** | **२४,४३,५४,०९३.०१** | **२४,१०,४२,७५६.४०** |

पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको र आय अनुमान समेत नगरेकोमा समेत आय प्राप्त भएको जनाएको छ ।केहि शिर्षकमा आय अनुमान समेतनगरेको तथा केहिमा अनुमान गरेतापनी राजस्व संकलन शुन्य प्रतिशत रहेको पाईयो । व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले अनुमान भन्दा ज्यादै न्युन मात्र आय संकलन भएको छ । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

## ९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७७२८०५३५१ | ४०९८२६७० | ५.३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १० अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ३० लाख चालुतर्फ र रु.१ करोड १५ लाख ६० हजार समेत जम्मा रु.२ करोड ४५ लाख ६० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको पटके निर्णयबाट पुजीगतर्फ विभिन्न शीर्षक र चालुतर्फ भैपरि आउने रु.२ करोड ४५ लाख ६० हजार नै बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

## ११ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले २०८० आषाढमा आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस नगरपालिकाको विभिन्न मितिको कार्यपालिकाको निर्णयवाट विभिन्न २३ वटा नयाँ योजनामा रु.४५७१६७४५.८९ समेत जम्मा रु.१३५६४१३३१।५५बजेट वृद्धि गरेको र विभिन्न योजनामा रु.८९९२४५८५।६६ घटाई खर्च गरेको र आ व २०८१।८२ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी

खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शिर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सिमा भित्र मात्र रकमान्तर गरी वजेट कार्यान्वियन पारदर्शि बनाउनुपर्दछ ।

## १२ भुक्तानी बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०७९।८० को रु.१,०१,५२,१९९।५२ आ व २०८०।८१ मा भुक्तानी दिएको र आ व २०८०।८१ को भुक्तानी वाँकी रहेको रकम आ व २०८१।८२ को लागी रु.१,०७,९०,२८२ भुक्तानी वाँकि राखेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । नमुना परीक्षणको क्रममा गत वर्षको भुक्तानी वाँकिको यस वर्ष भएको भुक्तानी निम्नानुसार छ ।

| विवरण | खर्च शिर्षक | रकम |
|---|---|---|
| अन्य फिर्ता | २२५२२ | १७७५६९ |
| उद्यमशिल कृषि सहकारी संस्था | २२५२२ | ४४०४२१ |
| जिन्सिमा बांकी विलहरुका रकम खुलाउन बाँकी | २२५२२ | ४४४६३६९ |
| नीलकण्ड बहुमुखी क्याम्पस अनुदान | २२५२२ | १३६९५९८ |
| ५० प्रतिशत अनुदानको ल्यापटप भुक्तानी दिन बाँकी रकम | २२५२२ | ८७०००० |
| धादिङ्ग जिल्ला व्याडमिन्टन संघको सोधभर्ना | २२७११ | ११४६३८२ |
| मेडिगोल्ड इनटरनेशनल प्रा.ली. औषधी खरिद | २७२१३ | २२०००० |
| योजना तथा कार्यक्रम अनुगमन तथा सामाग्री ढुवानी सवारी भाडा | २८१४९ | ११०३०० |

## १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागितामुलक, स्थानीय स्रोत र साधन उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार २६२ वटा योजनामा खर्च लेखेको पाईयो । आ.व. 2080/81 मा विनियोजित बजेटबाट सम्पन्न भएका 252 वटा योजनाहरु सञ्चालन मध्ये रकमको आधारमा कार्यसम्पन्न भएको योजनाको विवरण निम्न बमोजिम रहेको छ।

| सि.नं. | विवरण | योजना सम्पन्न सङ्ख्या | रकम रु |
|---|---|---|---|
| १ | रु१ लाख सम्मको योजना | २७ | २६,१७,९०३ |
| २ | रु१ लाख देखि ५ लाख सम्मको योजना | १५४ | ५,४७,८०,२१४ |
| ३ | रु५ लाख देखि 10लाख सम्मको योजना | ४२ | ३,३४,३५,७३७ |
| ४ | रु१० देखि ३० लाख सम्मको योजना | १२ | २,४४,००००० |
| ५ | रु३० लाख भन्दा माथिको योजना | १७ | १२,६५,५६,३९१ |
| | **जम्मा** | २५२ | २४,१७,९०,२४५ |

उल्लेखित योजनामध्ये चालु आ.व 2080/81 को लागि नगरस्तरीय, क्रमागत, वडास्तरिय, संघ, प्रदेश, सडक बोर्ड तथा पर्यटन बोर्ड र अन्य गरी 263 योजना स्वीकृत भएको पाईयो ।जसमध्ये योजनाको विवरण अनुसार निम्नअनुसार रहेको छ।

| सि.नं. | योजना | योजना सङ्ख्या |
|---|---|---|
| १ | नगरस्तरीययोजना | ६५ |
| २ | वडास्तरिययोजना | १५९ |
| ३ | क्रमागतयोजना | २० |
| ४ | संघियोजना | ५ |
| ५ | प्रदेशतर्फको योजना | ९ |
| ६ | सडक बोर्ड | १ |
| ७ | पर्यटनबोर्ड | ४ |
| | जम्मा | २६३ |

पालिकाले अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १४ योजना संचालन प्रक्रिया

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ले ठेक्का तथा उपभोक्ता समितिमार्फत् योजना सञ्चालन गर्ने प्रकृया तोकेको छ । योजनाहरु सञ्चालन गर्दा प्राय उपभोक्ताहरु प्रत्यक्ष लाभान्वित हुने भएकोले उपभोक्ता समितिहरुबाट करिब 82.14 प्रतिशत योजना सञ्चालन भएका छन् भने बाँकी १७.८६ प्रतिशत योजना निर्माण व्यवसायिबाट भएको देखिन्छ ।

| योजना सञ्चालन प्रक्रिया | संख्या |
|---|---|
| निर्माण व्यवसायिबाट भएको | 45 |
| उपभोक्ता समितिबाट | 207 |
| जम्मा | 252 |

## १५ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ अनुसार स्विकृत कार्यक्रमको लक्ष्य अनुसारको प्रगती तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश तथा केन्द्रीय स्तरका योजना तथा कार्यक्रमको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । योजना तर्फको वार्षिक प्रगती प्रतिवेदन अनुसार आ.व. २०८०/८१ मा विनियोजित बजेटबाट २६३ ओटा योजनाहरु सञ्चालन हुने गरी नगरसभा, कार्यपालिका एवं विभिन्न संघिय प्रदेश अनुदानद्वारा स्वीकृत भएको योजनागत वजेट व्यवस्था जसको विवरण निम्न बमोजिम रहेको छः-

| आ.व. २०८०/८१ को जम्मा योजनाहरु | नगरपालिकासँग सम्झौता भएका योजनाहरु | कार्य सम्पन्न नभएका योजनाहरु | काम सम्पन्न भएका योजनाहरु | कार्य सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| २६३ | २६२ | १० | २५२ | ९६.१८ |

माथि उल्लेख भएअनुसार योजनातर्फ नगरपालिकाका जम्मा २६३ योजनाहरुमध्ये २६२ वटा मात्र सम्झौता भएकोमा १० वटा योजनाको काम सम्पन्न नभएको र २५२ योजना सम्पन्न भई ९६.१८ प्रतिशत प्रगती भएको विवरण पेश भएको छ । पालिकाले तोकिएअनुसार त्रैमासिक प्रतिवेदन तयार गर्नुपर्दछ । त्यसैगरी पालिकाले वडाको लागी तोकेका वडास्तरिय योजनाको प्रगतीको अवस्था वडागत रुपमा निम्नानुसार देखिन्छ ।

| क्र.सं | वडा नं | सम्झौता भएका योजनाहरु | सम्पन्न भएका | सम्पन्न नभएको | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १ | १२ | ११ | १ | ८५।१५५ |
| २ | २ | १३ | १३ | ० | ९८।२०५ |
| ३ | ३ | १२ | १२ | ० | ९५।२०५ |
| ४ | ४ | ९ | ९ | ० | ९४।२५५ |
| ५ | ५ | ११ | ११ | ० | ९७।५०५ |
| ६ | ६ | १६ | १६ | ० | ७०।७२५ |
| ७ | ७ | ८ | ८ | ० | ९६।७०५ |
| ८ | ८ | १४ | १४ | ० | ९८।४१५ |
| ९ | ९ | १२ | १२ | ० | ९४।७०५ |
| १० | १० | १२ | ११ | १ | ८६।२७५ |
| ११ | ११ | ६ | ६ | ० | ९२।३९५ |
| १२ | १२ | ११ | ११ | ० | ९७।११५ |
| १३ | १३ | ९ | ८ | १ | ९०।२०५ |
| १४ | १४ | १४ | १४ | ० | ८४।७८५ |
| | जम्मा | १५९ | १५६ | ३ | ९१।५४५ |

तालिकामा उल्ले भएअनुसार वडागत रुपमा सञ्चालन भएका योजना मध्ये सवैभन्दा बढी वडा नं २ मा सवै योजना सम्पन्न भई ९८.२ प्रतिशत खर्च भएको देखिन्छ भने सवै भन्दा कम वडा नं ६ मा सवै योजना सम्पन्न हुँदा ७०.७२ प्रतिशतखर्च भएको देखिन्छ । त्यस्तै वडा नं १, १० र १३ मा ३ वटा योजना वडाले कार्यान्वयन गर्न नसकेको देखिन्छ । स्विकृत वजेट तथा योजनाहरु वडागत रुपमा सम्पन्न हुने गरी पालिकाले कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्दछ ।

## १६ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३०६८३९९४३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी प्रतिस्पर्धी खरिद कार्य गर्नुपर्दछ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामाखर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १६०३७३०७१ | १३४७४३६७७ | १३ |
| २ | पूर्वाधार विकास | ३४७८७६३०० | २६९२८७५६३ | २६ |
| ३ | सामाजिक विकास | ४८०२५०९७८ | ४१७७४०२५६ | ४१ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४६२८१९३२ | २४३०७२८१ | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २०६०१०९४२ | १८२९६६६९४ | १८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् २ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको पूर्वाधारतर्फ २६ प्रतिशत मात्र खर्च गरेकोले पूर्वाधारतर्फ थप वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

१८ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ४०९८२६७०, राजस्व बाँडफाँडवाट रु. १९९२५७६४१ र अनुदान समेत कुल जम्मा रु. १३६७४८०८७१ आम्दानी भएकोमा चालु तर्फ रु. ७२२२०५५२७ र पूँजिगत तर्फ रु. ३०६८३९९४३ र वित्तीय ब्यबस्था तर्फ रु. ४०६५४५१८४ समेत रु. १४३५५९०६५४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०६८२००० खर्च भएको छ जुन आन्तरिक आयको २६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५० प्रतिशत चालु, २१ प्रतिशतमात्र पूँजिगत निर्माणमा र २९ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१९ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको सूविधामा १२ महिनाको जम्मा रु.१ करोड ६ लाख ८२ हजार खर्च लेखेको देखिन्छ ।

२०	**विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा कार्यविधि स्विकृत गरेर विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध ख र्च शिर्षकबाट वडा वाहेक पालिका कार्यालयमा भएका विभिन्न कार्यक्रमको समेत मात्र यस वर्ष कूल रु.६७,१५,२३६ **(विविध कार्यक्रम समेत)** खर्च भएको देखिएको छ । खर्चको मापदण्ड स्विकृत गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२१	**कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) र सोही नियमावलीको अनुसूची-१ मा तोकिए बमोजिम वर्क चार्ज स्टाफ २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी लागत अनुमानमा थप गर्न पाउने व्यवस्था छ । यस पालिकाले लागत अनुमानको ४ प्रतिशतसम्म कन्टिन्जेन्सि खर्च गर्न सकिने मान्यता राखि कन्टेन्जेन्सी खर्च गरेको छ । यस वर्षको हालसम्मको कन्टिन्जेन्सि खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको कारण योजनागत रुपमा कन्टिन्जेन्सिको हिसाव पेश नहुँदा (सुत्र समेतमा अभिलेख नभएकोले) यस वर्षको कन्टिन्जेन्सि खर्च यथार्थपरक भए नभएको यकिन गर्न सकिएन । यस सम्वन्धमा लेखा शाखावाट खर्च लेख्दा कन्टिन्जेन्सिमा वर्गिकरण नगरी सम्वन्धित योजनामा नै खर्च जनाएको छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ को बुँदा नं ५ मा कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको हुनुपर्ने उल्लेख भएकोमा प्राविधिकले नापी कितावमा कन्टिन्जेन्सी खर्च नचढाउने, योजनागत कन्टिन्जेन्सीको अभिलेख खाता नराखी खर्च गर्ने गरेकोले नियमको परिपालना भएको छैन । निर्देशिकाको व्यवस्था पालना नभएको कारण यस्तो खर्च कानुनले तोकेबमोजिम सही रूपमा भएको यकिन गर्न सकिने अवस्था देखिएन । कार्यक्रम, योजनागत कन्टिन्जेन्सि खाता र कार्य प्रगतीका आधारमा एकिन हुने कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी यस्ता खर्च तोकिएको सीमाभित्र रहि खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिएको छ ।

२२	**पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रमा अभिलेख भएको पालिकातर्फको चौमासिक खर्च विवरणअनुसार खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ७२२२०५५२७ | १७९२११५३३ | १७२४७१९३३ | ३७०५२२०६१ | १९१९८४१९३ |
| पूँजिगत खर्चतर्फ | ३०६८३९९४३ | २६०६५५३१ | ७१८३३०३४ | २०८९४१३७८ | ८०७७१२२२ |
| **जम्मा** | १०२९०४५४१७ | २०५२७७०६४ | २४४३०४९६७ | ५७९४६३४३९ | २७२७५५४१५ |
| **चालु खर्चतर्फ प्रतिशत** | | २५ | २४ | ५१ | २७ |
| **पूँजिगत खर्चतर्फप्रतिशत** | | ८ | २३ | ६८ | २६ |
| **जम्मा खर्च प्रतिशत** | | २० | २४ | ५६ | २७ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकातर्फ वार्षिक रु. १०२९०४५४१७ निकासा भएकोमा प्रथम चौमासिकमा २० प्रतिशत, दोस्रो चौमासिकमा २४ प्रतिशत, तेस्रो चौमासिकमा ५६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र २७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने, प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने

परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्विकृत कार्यक्रमअनुसार चौमासिक रुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वियन गरीनुपर्दछ ।

## २३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको समेत हालसम्म जम्मा ३७ वटा ऐन र ६९ वटा नियम, निर्देशिका, कार्यविधि र मापदण्ड लगायत जम्मा १०६ वटा कानुन निर्माण गरी कार्यान्वयनमा आएको जानकारी प्राप्त भएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि केही कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## २४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको १८ गरी कुल २८ विवाद दर्ता भएकोमा १९ वटा फर्स्यौट् भएको र ९ वटा नै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २५ सेवा प्रवाहको अभिलेख

स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिका र पालिकामा रहेका ७ वडाहरुवाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकिकृत अभिलेख तयार गर्नुपर्नेमा पालिकाले सो अभिलेख राखेको देखिएन । पालिकाले सेवा प्रवाहको एकिकृत अभिलेख तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । पालिकाले एकिकृत सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अभिलेखिकरण गर्नुपर्दछ । पालिकावाट प्राप्त योजनातर्फको सेवाप्रवाहसम्वन्धमा निम्नानुसार देखिएको छ ।

क. सडक पिच गर्ने कार्यः नीलकण्ठ नगरपालिकाले सबै वडा कार्यालयसम्म जाने बाटो पाँच वर्ष भित्र पिच गर्ने नीति अनुरुप चालु आ.व. मा वडा नं. ४, ८ र १० गरेर २.५ कि.मि सडक पिच कार्य सम्पन्न गरेको छ।

ख. सडक विस्तार गर्नेः नीलकण्ठ नगरपालिकावाट स्वीकृत वार्षिक योजना र कार्यक्रम अन्तगर्त रहेर चालु आ.व. मा पनि सडक विस्तारको कार्य भएकोमा प्राय वडाहरुमा नयाँ सडकको विस्तार गर्ने कार्य करिब करिब सम्पन्न भइसकेको र नगरसभाको नीतिअनुरुप नयाँ सडक आवश्यकता बाहेको विस्तार नगर्ने निर्णायानुसार वडा नं. १ देखि १४ सम्म गरेर करिब ७.२५ किलोमिटर सडक खन्ने काम भई नयाँ सडकहरु थपिएको छ।

ग. सडक स्तरोन्नति कार्यः नगरपालिकाले सडक स्तरोन्नतिमा बजेट विनियोजन गर्दा नै न्युनतम ८० प्रतिशत काम नाला निर्माण, कल्भर्ट तथा ग्राभेलिङ्गमा खर्च गर्ने गरी नीति लिएअनुरुप करिब ४.४२ कि.मि सडक चौडा गरीएको तथा ७७६३ मि पक्की नाला निर्माण गरिएको, ६.३ कि.मि सडक ग्रावेल, १२४८ मि. सडक ढलान कार्य, १७६४ मि सडकमा रिटेनिङ्ग वाल/प्लम्ब वाल र ४५९ मि. ग्याविन जाली लगाउने कार्य गरी सडक स्तरोन्नति गरिएको छ। वर्षा पछि सडकमा परेको खाल्डा खुल्डीले आवत जावतमा समस्या हुने हुदा सडक सफा गर्ने तथा सतह मिलाउने करिव १४४ कि मि गरिएको छ।

घ. खानेपानी सेवा विस्तारः तिर्खामुक्त नगरको अवधारणालाई सार्थक बनाउन सबै वडामा खानेपानीको लागि आवश्यक बजेट बिनियोजन गरी धारा निर्माण गर्ने, इन्टेक निर्माण तथा संरक्षण, पाइपलाइन विस्तार लगायतका कार्यहरु भएको छ।चालु आ.व मा ट्याङ्की निर्माण /इन्टेक निर्माण २० वटा, पाइप लाईन खन्ने पुर्ने कार्य २८.३९ कि.मि काम सम्पन्न भएको छ।त्यस्तै ४९९ वटा खानेपानी धारा निर्माण कार्य सम्पन भइसकेको छ।

ङ. खेलमैदान तथा पार्क निर्माण कार्यः नीलकण्ठ नगरपालिकाको विभिन्न वडाहरुमा गरेर चालु आ.व मा मात्र ४ वटा खेलमैदान निर्माण गरिएको छ। त्यस्तै १ वटा पिकनिक स्पोट वडा नं.५ मा निर्माण भएको छ । खेल मैदानको स्तर वृद्धि गरी खेल खेल्न योग्य वनाउनुपर्ने

अवस्था छ ।

च. विपद सम्बन्धि कार्यः विपदजन्य कार्यको लागि खोलाहरुमा पर्खाल लगाउने ग्याविन जाली भर्ने, सडक पहिरो पन्छाउने ,सडक सतह सफा गर्ने लगायतका कार्यहरु यस आ.व मा पनि भएको छ। प्रकोप व्यवस्थापन कोषबाट रकम आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यविधि बमोजिम प्रत्येक वडामा ३ जना मर्मत गर्न मजदुर र डोजर लगाई सडकमा पहिरो पन्छाउने, नाली सफा गर्ने लगायतका कार्यहरु भएको छ। जसले सडकलाई बढि क्षति हुन जोगाएको र तत्काल पहिरोहरु पन्छाई आवतजावतमा सहज बनाएको छ।जोखिम संवेदनशिल भूउपयोग योजना तयार भइ कार्यान्वयनमा आएको छ। त्यस्तै विपद व्यवस्थापन समितिको निर्णयबाट विभिन्न बस्तीहरुको संरक्षणको लागि रिटेनिङ्ग वाल, पर्खाल, ग्याविन जालीको काम सम्पन्न भएको छ।

छ. मर्मत सम्भार कोष सम्बन्धी कार्य प्रकोप व्यवस्थापन कोषबाट रकम आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यविधि बमोजिम प्रत्येक वडामा 3 जना मर्मत गर्न मजदुर र आवश्यकता अनुसार डोजर लगाई सडकमा पहिरो पन्छाउने, नाली सफा गर्ने लगायतका कार्यहरु भएको छ।जसले सडकलाई बढि क्षति हुन जोगाएको र तत्काल पहिरोहरु पन्छाई आवतजावतमा सहज बनाएको छ।मनसुनको समयमा सडक/ सार्वजनिक स्थल संरक्षण गर्न सडक हेरालु ३ जना कर्मचारीको लागि रु १५९४२६०/- रकम खर्च भएको छ। पहिरो गएको सडकहरुमा पहिरोहरु पन्छाउन लगायत मर्मत कार्य गर्न १४ वटा वडामा प्रति वडा रु ८००,०००/- विनियोजन गरी करिब ९५००००० खर्च भएको छ । वडागत रुपमा मर्मत संम्भारका कार्यहरु वडाध्यक्षको निर्णयका आधारमा आवश्यकतानुसार कार्यान्वयन गर्ने र लमसममा यस्ता मर्मत कार्यको भुक्तानी भएकोले सडकको ईन्भेन्ट्रि अद्यावधिक गरेर मात्र यस्तो वजेट खर्च गर्नुपर्ने, खर्चको चेनेज वाईज मापन मुल्यांकन गरेर प्राविधिकको सिफारिसका आधारमा खर्च लेख्नुपर्दछ ।

## २६ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर तथा मेडिकल अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी कार्यरत रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले कार्यक्रमतर्फ करार २२ जना र आन्तरिक करार ९६ समेत विभिन्न ११८ जना करारमा नियुक्त गरेकोमा आन्तरिक करारतर्फ मात्र ९६ जनाको वार्षिक रु.३५३६२४५७ खर्च लेखेको छ । आन्तरीक आय श्रोतका आधारमा सहायकस्तरका अत्यावश्यक सेवा प्रवाहका लागी मात्र करार सेवामा जनशक्ती राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

## २७ ओ एण्ड एम प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश “स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । पालिकाले नगरसभावाट कर्मचारी संगठन तथा व्यवस्थापन सम्वन्धमा ओ एण्ड एम गरी दरवन्दि निर्धारण गरेको छ । उक्त प्रतिवेदन हालसम्म वाग्मती प्रदेश कर्मचारी कितावखानामा दर्ता भएको पाईएन । पालिकाले रिक्त रहेका पदहरु अहेव, सुचना प्रविधि अधिकृत तथा भेटनरी चिकित्सक लगायतका विभिन्न पद वागमति प्रदेश लोक सेवा आयोगमा माग गरेको तर ओ एण्ड एम अनुसारको दरवन्दी एवं पदपुर्तिको लागी प्रशासनिक प्रकृयामा नियन्त्रण गर्न नसकेकोले ऐनको अनिवार्य परीपालना हुनुपर्दछ ।

## २८ फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार स्थानिय तहहरुले श्रोतमा नै फोहोरको वर्गिकरण गर्न लगाई सोहि अनुसार संकलन एवं व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरको व्यवस्थापन जटील वन्दै गएको अवस्था छ । फोहोर उत्सर्जन हुने श्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालवाट उत्सर्जित एवं ई-वेष्ट लगायतका घातक फोहोरको वर्गिकरण गरी उपयुक्त व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२९ **वार्षिक प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३५ वमोजिम पालिकाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेकोमा कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको समयमा पेश गर्नुपर्दछ ।

३० **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६ देखी ३९ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन । यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| **व्यवसायिको नाम** | **विवरण** | **ल.ई** | **सम्झौता रकम** | **घटि %** | **कैफियत** |
|---|---|---|---|---|---|
| Prithivi-NSN JV, Dhading | हनुमानडाँडा राममन्दिर कृषि सडक | २९९८८१८४ | २१६२४७२६ | २८ | प्रदेश समपुरक |
| G.P Nirman Sewa,Nuwakot | सिरान बजार भुलभुले पाल्ले सडक | ९९९७११६ | ६०८४८५३ | ३९ | संघ समपुरक |
| Vishwo Shree Construction, Dhading | गोलाभञ्ज्याङ्ग सेउली सडक र रिङ्गरोड | १०९९९९२४ | ७६९२१८८ | ३० | संघ सशर्त र न.पा |
| Rastri Nirman Sewa, Dhading | कटहरे बासँबोट सडक निर्माण | २९९९१८४ | २३३३०६१ | २२ | संघ सशर्त |
| BGS Construction, Kathmandu | नगर करिडोर निर्माण कार्य | ७९९९३९८ | ४८६३५०७ | ३९ | नगरस्तरीय |
| Lead Construction, Dhading | सिम्ले गैरे सडक | ४९९५३७१ | ४३१७००८ | १४ | नगरस्तरीय |
| Sundaradevi Nirman Sewa, Dhading | कर्णेश्वर होस्टल निर्माण | ९९९१९९३ | ६९८२८६३ | ३० | प्रदेश विशेष |
| Third Eye Construction, Dhading | महेन्द्र मा.वि होस्टल निर्माण | ७९९९०७३ | ५७६६१०५ | २८ | संघ विशेष |
| S.S Construction , Dhading | राममन्दिर हटिया र जनकमोड सडक स्तरोन्नति | १४६७९३७९ | १३७४२१७८ | ६ | सडक बोर्ड + न.पा |

३१ **गत आ व का अधुरा योजना**

पालिकाले गत वर्ष ठेक्का सम्झौता गरेका विभिन्न योजनाहरु मध्ये निम्न ३ वटा ठेक्काको भौतिक प्रगती न्युन देखिन्छ । जसमध्ये खेलकुद मैदान निर्माण कार्यको लागी लक्ष्मि निर्माण सेवासँग सम्झौता भएकोमा सुरु सम्झौता अनुरुप २०८१ आषाढ १६ सम्म सम्पन्न

गर्नुपर्नेमा लेखापरिक्षण अवधिसम्म पनि सम्पन्न नभई जम्मा ६२ प्रतिशत मात्र काम भएको पाईयो । लागत अनुमान तथा सम्झौता अनुसारको अवधिमा सक्ने गरी काम गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **निर्माण कार्य** | **निर्माण व्यवसायी** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **हाल सम्म खर्च** | **भौतिक प्रगति** |
|---|---|---|---|---|---|
| घिमिरेजङ्गार देउराली आँपश्वारा लोर्के पहरा सडक स्तरोन्नति | रत्न श्रेष्ठ एण्ड थोकर योञ्जन जे.भी | २०८०।९।२५ | २०८१।३।१६ | १७३१७६२८ | ८२.००% |
| नगर चक्रपथ निर्माण कार्य | प्याल्दोर हिमाल निर्माण | २०७९।११।१६ | २०८१।३।१५ | २६३२६३६ | ८८.००% |
| खेलकुद मैदान निर्माण कार्य | लक्ष्मी निर्माण सेवा, धादिङ्ग | २०८०।३।११ | २०८१।३।१६ | ४२९४०३८ | ६२.००% |

३२ **अन्य निकायको खर्च**

(गो भौ नं२७४।२।२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोटेशन मार्फत् वडा नं १२ मा प्रहरी चौकि भवन निर्माण कार्य एस एस कन्स्ट्रक्सन प्रा लि सँग सम्झौता गरी निर्माण कार्य गराएर रु.९९६१०३.०० भुक्तानी गरेको छ । यसरी अर्को कार्यालयको प्रशासनिक भवन निर्माणमा नै पालिकाले बजेटमा नै व्यवस्था गरी भुक्तानी गरेको खर्च रकम मितव्ययि र पालिकाको बजेट प्रभावकारी भएको देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्वन्धित निकायवाट पनि यस्तो वजेट विनियोजन भए नभएको यकिन गरी दोहोरो पर्ने लगायतका विषयहरु निरुपण गरेर मात्र अन्य कार्यालयका स्थायी संरचनामा लगानी गर्ने नीति अवलम्वन गर्नुपर्दछ ।

३३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सक्ने व्यवस्था छ। यो वर्ष नगरपालिकाले विभिन्न खरिद सम्झौता गरेकोमा निम्नानुसारका ६ वटा सम्झौताको बढीमा ३ पटक सम्म तथा ७५० प्रतिशत बढी अवधिसम्म म्याद थप गरेको देखियो । यसरी कानुन वाहिरको परिस्थिति र मनासिव कारण यकिन नगरी पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारी जिम्मेवार र जवाफदेही बनाई कार्य सम्पादन अवस्था विश्लेषण गरेर आवश्यक हर्जना वेगर म्याद पटक पटक थप्ने कार्यमा नियन्त्रण हुनपर्दछ ।

| निर्माण व्यवसायिको नाम | कामको विवरण | ठेक्का अंक भ्याट समेत | सुरु गर्नु पर्ने मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न अवस्था | म्याद थप | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पटक | महिना | सुरु अवधिको म्याद थप % |
| Trishna Construction | वडा नं. २ को भवन निर्माण | ५५८१९३६ | ०८/०५/२०७६ | ०३/१५/२०८१ | सम्पन्न | १ | १४ | २६३ |
| Rayhans Construction | अमरावती हटिया सडक कालोपत्रे | ५०५०७८२ | १२/०२/२०७८ | १२/३०/२०८० | सम्पन्न | २ | १८ | ७४ |
| Thokar and Yonjan Construction | अर्बुङ्ग खोला पुल निर्माण | १४४१६६०१ | १२/१२/२०७८ | ०९/३०/२०८० | सम्पन्न | २ | १५ | ६९ |
| H.B Infotech Pvt.Ltd | नीलकण्ठेश्वर पार्क निर्माण | ६३२२५०० | ११/१९/२०७९ | ०३/१८/२०८० | सम्पन्न | १ | ५ | १२५ |
| Pyaldor Himal Nirman | व्यापारी बगैँचा खा.पा | ५९२१४७३ | ०२/०९/२०८० | ०३/१५/२०८० | सम्पन्न | ३ | ९ | ७५० |
| N.S.N Construction | तल्लो भुलभुले पाल्ले सडक | २७१७३४९ | ०३/०३/२०८० | ०९/३०/२०८० | सम्पन्न | १ | ७ | १३७ |

३४ **वितरणमुखी खर्च**

(गो भौ नं ४२७।३।२२) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानिय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले नवप्रवर्तन साझेदारी कोष सहलगानी शिर्षकवाट नेपाल कुमाल समाज सुधार समिति धादिङ्गलाई सास्कृतिक कार्यक्रमको लागी भेषभुषा खरिद वापत रु.४ लाख र चितवनमा हुने सास्कृतिक कार्यक्रममा ५ वटा वस रिजर्भ गरेको जनाई थप रु.२ लाख भुक्तानी भएको पाईयो । पालिकाले कार्यविधि वेगर आवश्यकता समेत पहिचान नगरी कार्यक्रममा खर्च गर्दा खर्चको उपयोगिता देखिएन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यक्तामा आधारित रहि पारदर्शि तवरले गर्नुपर्दछ । प्रतिफल प्राप्त नहुने यस्ता वितरणमुखी कार्यक्रम निरुत्साहित गर्न लागत लाभका आधारमा उत्पादनमा आधारीत अनुदान दिने कार्यविधि स्विकृत गरी वितरणमुखि खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३५ **जिन्सि व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमूखले आफ्नो कार्यालयमा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको विबरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी लगत अद्याबधिक गर्नु गराउनु पर्ने ब्यबस्था छ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले २०७७ । ९ । ७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६/७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा निम्नानुसारका सामान Manual दाखिला गरेको छ । सोहि आधारमा जिन्सी निरीक्षण गरी प्रतिवेदन गरेको देखिन्छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

पालिकाले खरिद गरेकामध्ये नमुना परीक्षणका क्रममा निम्नानुसारका सामान पाम्समा दाखिला नगरी हार्डकपि रजिष्टरमा दाखिला गरेको पाईयो । महालेखा नियन्त्रक कार्यालयले अनिवार्य गरेको पाम्समा दाखिला गरेपश्चात् मात्र भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।

| गोभौ नं | मालसामान | संख्या | फर्मकोनाम | खरिदरकम |
|---|---|---|---|---|
| पूजिगत४५५ | प्रिन्टर | २१ | टाईमअफिस अटोमेसन | ८१२५०० |
| चालु१३९२ | ई हाजिरी | १९ | टायमसप्लायर्स | ७००००० |
| पूजिगत३९८ | वि पिसालिक | १ | नविनस्कल्चर्स | ५००००० |
| चालु१४४० | ह्विल चेयर | २ | मानसरोवरमेडिहेल्थ प्रा लि | ९८००० |
| चालु१४२९ | युपिएस | १० | टायमसप्लायर्स | ५५००० |
| चालु१४२९ | डेस्कटपकम्प्युटर | ७ | टायमसप्लायर्स | ३०९७३५ |
| चालु१४२९ | प्रोजेक्टर | ७ | टायमसप्लायर्स | ४२५८८५ |
| चालु१३९२ | पावरसप्लायर्स | ३ | सक्सेसप्रा लि | १८०००० |
| | ड्रिलमेसिन | १ | न्यू मोनिका एण्ड सप्लायर्स | ७००० |
| चालु१४३८ | कृषिपर्यटन साझेदारी प्रतिवर्दन | १ | अनुगमन तथामुल्यांकन समाज नेपाल | ४१९००० |
| | | | **जम्मा** | **३५०७१२०** |

पालिकाले आ व २०७९।८० मा पाम्समा आम्दानी चढाउन वाँकी जिन्सिमा विलहरु रु.४४,४६,३६९.०० वरावरका भुक्तानी दिन वाँकि जनाई यस आ व २०८०।८१ भुक्तानी गरेको पाईयो । चालु आर्थिक वर्ष २०८०।८१ मा समेत माथि उल्लखित जिन्सिमा आम्दानी गर्न रु. ३५०७१२० वरावरका सम्पत्ती म्यानुअल रजिष्टर राखि आम्दानी जनाएको पाईयो । यसरी प्रत्येक वर्ष जिन्सि सामानको वाँकि विलहरुको भुक्तानी पाम्समा अद्यावधिक नगरी वाँकि राखी आगामी वर्ष भुक्तानी दिने प्रवृतिलाई निरुत्साहित गरी जिन्सि आम्दानीका आधारमा भुक्तानी गरी जिन्सि व्यवस्थापन प्रभावकारी वनाउनुपर्ने देखिन्छ ।

(पालिकाको भनाई : आर्थिक वर्षको अन्तमा पाम्समा समस्या देखिएको कारण म्यानुअल रजिष्टरमा माथि उल्लेखित सामान दाखिला गरिएकोमा महालेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी पाम्समा अद्यावधिक गर्ने जनाएको छ ।)

## ३६ विज्ञापन बोर्डको कोष

विज्ञापन नियमन गर्ने ऐन २०७६को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष बोलपत्र सुचना प्रकाशन तथा पत्रपत्रिका विक्षापन समेतमा कुल जम्मा रु.१९,५९,४२५.० खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन । नमुना परीक्षणको क्रममा देहायबमोजिमको रकम विज्ञापन बोर्डको खातामा पठाएको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ ।

| क्र.सं. | मिति | भौ. नं. | भुक्तानी पाउने फर्म | भुक्तानी रकम | ३ प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १ | २०८०/०६/३० | २१६ | क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी | १५०६०६. | ४५१८ |
| २ | २०८०/०७/२० | ३१४ | क्रियटिभ मिडिया एण्ड रिसर्च कन्सल्टेन्सी | १८८२५८. | ५६४८ |
| ४ | २०८०/०८/१० | ३७१ | क्वालीटी मिडिया हाउस | १२९०९१. | ३८७३ |
| ६ | २०८०/१०/१२ | ५३४ | के. एन. मिडिया प्रा. लि. | २७४६३५. | ८२३९ |
| ७ | २०८०/१२/०५ | ७३० | के. एन. मिडिया प्रा. लि. | १८३८३०. | ५५१५ |
| ८ | २०८०/१२/१५ | ७८२ | प्रत्युष नेटवर्क प्रा.लि | ५६८०७८. | १७०४२ |
| ९ | २०८१/०१/२१ | ९२६ | के.एन .मिडिया प्रा.लि | ११८६५०. | ३५६० |
| | | | जम्मा | १६१३१४८. | ४८३९४ |

३७ **राजस्व अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ । पालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यम महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प फारमहरु अद्यावधिक गरी राजस्वको हिसाब राख्नुपर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प. फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प. फा. नं. १०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प. फा. नं ११० लगायतका राजस्वको श्रेस्ताहरु अभिलेख राखेको पाइएन । पालिकामा दमकल, एम्वुलेन्स, एक्साभेटर, डोजर तथा फोहोर वोक्ने गाडी समेतवाट आम्दानी हुने गरेकोमा सो को अभिलेख तयार गरी आम्दानी गरेको विवरण प्राप्त नभएको तथा सो साधन उपयोग गर्दा खर्चको अभिलेख नभएको हुनाले साधन उपयोगवाट असुल भएको राजस्व तथा खर्च यकिन गर्न सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नुपर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३८ **राजश्व अभिलेख**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ ले कार्यालयको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडाध्यक्षलाई वुझाएकोमा सोको रसिद नियन्त्रण खाता अनुसारको अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.मा वितरित रसिद खर्च नभई बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार जनप्रतिनिधिले भण्डार शाखावाट नगदि रसिद ठेलीहरु बुझी लगेको र लेखापरीक्षण अवधिसम्म पनि सो नगदि रसिदवाट असुल भएको रकम र वाँकि नगदि रसिद पालिका भण्डार शाखामा बुझाएको पाईएन । पालिकावाट बुझिलिएका नगदी रसिद खर्चको विवरण र सो को आम्दानी सम्वन्धमा पालिकाले छानविन गरी असुल भएको राजश्व दाखिला गर्न लगाउने तथा नियमावलीले तोकेको सजाय कार्यान्वयन हुनु पर्दछ ।

लेखापरीक्षणवाट उपर्युक्त व्यहोरा औल्याएपश्चात् वडाध्यक्ष सरोज पाण्डेवाट रसिद नं ६५१ देखि ६९९ सम्मका रसिदवाट असुल भएको जम्मा रु ७८४८६ को व्याज जरिवाना लगाई मिति २०८१।५।२७ मा पालिकाको आन्तरिक राजस्व खाता ग १.१ मा रु.८६३३४।०० दाखिला भएको छ । निजले वुझेका रसिद ठेलीमध्ये काट्न वाँकि रसिद र काटिसकेका रसिदको अर्धकट्टी समेत पेश भएको छैन । तसर्थ पालिकाले जिन्सि शाखावाट जारी भएका समेत रसिदवाट उठ्नुपर्ने रकम यकिन गरि असुल भएको रकम दाखिला भए नभएको सम्वन्धमा यकिन गरी दाखिला नगर्नेलाई जिम्मेवार वनाई कारवाहि हुनुपर्दछ ।

३९ **विमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको सम्झौता भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा उपभोक्ता समितिले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै नराखेको र ठेक्काको काममा समेत विमा गराएको पाईएन । ठेक्काको काममा समेत निर्माण व्यवसायीवाट विमा नगरी काम गराएको नियमसम्मत देखिएन । नियममा भएको व्यवस्था अनुसार अनिवार्य विमा गराउनुपर्दछ ।

| योजनाको नाम | सम्झौता रकम | मूल्यांकन रकम | कैफियत |
|---|---|---|---|
| अमरावति हटीया सडक कालोपत्रे | ५०५०७८२ | ५००२७४३ | रेहान्स कन्स्ट्रक्सन ठेक्का |
| वडा नं. २ को भवन निर्माण | ५५८१९३६ | ४९९९६४७ | Trishna Construction ठेक्का |
| अल्छिडाँडा ग्राउण्ड पौवा रिजालथोक मूल सडक स्तरोउन्नती | २,२८२,७८१.१० | २,२७९,१२९.८४ | उपभोक्ता समिति |
| गुठे कुलो तथा आँगे खोल्सा तटवन्धन निर्माण | २,२८८,६६३.०८ | २,२८९,८०४.२४ | उपभोक्ता समिति |
| पौवा खाल्टा सातदोवटे पोखरी डाँडा सडक स्तरोउन्नति | २,८६९,०९२.११ | २,८६९,३२२.९७ | उपभोक्ता समिति |
| रातामाटे तल्लो भालुवान सातादावाटे सडक स्तरोउन्नती | २,९०६,२४३.५१ | २,८९०,८३९.३६ | उपभोक्ता समिति |
| विर्ता-वेशि जलविरे सिँचाई कुलो निर्माण | २,८५५,५२०.६३ | २,८५३,२६२.०२ | उपभोक्ता समिति |
| भैरवि मन्दिर पूर्वाधार निर्माण | २,८७३,७४०.२२ | २,७४०,८१९.५० | उपभोक्ता समिति |
| आपँस्वारा मधुवन सडक स्तरोन्नती | ३,४२५,९६४.४२ | ३,४२१,३७७.९८ | उपभोक्ता समिति |

४० **धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) क (१) मा निर्माण कार्यको कम्तिमा असि प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ता मागेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले निम्नानुसारका फर्म वा व्यवसायीहरुको धरौटी फिर्ता दिँदा सम्वन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा आय विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले मु अ कर समायोजन र कर चुक्ता लिए नलिएको सम्वन्धमा यकिन हुन सकिएन । आय विवरण पेश गरेको प्रमाणका आधारमा मात्र परिपक्व भएका धरौटी रकम फिर्ता हुनुपर्दछ ।

| गो भौ नं | फर्मको नाम | रकम |
|---|---|---|
| ११।६।३० | तृष्णा कनस्ट्रक्सन कन्सर्न | १४९९८१ |
| १०।६।३० | एन एस एन कन्स्ट्रक्सन | २६८७५५ |
| ४२।१।३ | एच वि ईन्फोटेक प्रा लि | २७०००० |
| ४८।३।२१ | गरिवि कन्स्ट्करसन | ५७५००० |
| ५० | थोकर एण्ड योञ्जन कन्स्ट्रक्सन | ६३५००० |

(पालिकाको भनाई : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ अनुरुपको अवधिको वैंक ग्यारेन्टि माग गरी धरौटी फिर्ता गरेको पालिकाले जनाएको छ ।)

४१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल

गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार म्याद ननाघेको रु.१,८५,३९,९४९ पेश्कि फछ्यौंट गर्न बाँकि देखिएको छ । समयमै पेश्कि फछ्यौंट् गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| अन्य सामाजिक सहायता | निर्मला के.सी. | ३०००००| ० | ३००००० |
| विविध खर्च | बिजय राज गिरी | ३००००० | ० | ३००००० |
| सभा सञ्चालन खर्च | सरोज तिवारी | ३००००० | ० | ३००००० |
| नगर चक्रपथ निर्माण | प्यालदोर हिमाल निर्माण सेवा | ६००००० | ० | ६००००० |
| प्रशासनीक भवन निर्माण क्रमागत | अमेक्क्षा । फुलमून जे.भि. | १८००००० | ० | १८००००० |
| प्रशासनीक भवन निर्माण क्रमागत | अमेक्क्षा । फुलमून जे.भि. | ११०००००० | ० | ११०००००० |
| घिमिरेजङगा देउराली आँपस्वारा सडक स्तरोउन्नती | रत्न श्रेष्ठ । थोकर एण्ड योङ्गन जे.भी. | २०९०००० | ० | २०९०००० |
| नीलकण्ठ नगरपालिका वडा ३ ग्राउण्ड निर्माण | लक्ष्मी निर्माण सेवा | ३१५००० | ० | ३१५००० |
| नीलकण्ठ नगरपालिका वडा ३ ग्राउण्ड निर्माण | लक्ष्मी निर्माण सेवा | ११५००० | ० | ११५००० |
| सेवा र परामर्श खर्च | अभिषेक ल फर्म | १५०००० | ० | १५०००० |
| सेवा र परामर्श खर्च | डेल्टा ल प्रा.लि | १५०००० | ० | १५०००० |
| समपुरक कोष | जिल्ला होटल संघ, धादिङ | ७८४००० | ० | ७८४००० |
| सार्वजनिक स्थाल सरसफाई अभियान | त्रिपुरा मिडिया प्रा.लि. | १५,२९६.०० | ० | १५,२९६.०० |
| सार्वजनिक सुनुवाई कार्यक्रम | त्रिपुरा मिडिया प्रा.लि. | ८४,६५३.०० | ० | ८४,६५३.०० |
| संस्कृती प्रवर्धन कार्यक्रम | संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्रन केन्द्र | ४००००० | ० | ४००००० |
| अन्य सार्वजानिक निर्माण | रमेश पौडेल | ८६,०००.०० | ० | ८६,०००.०० |
| पुस्तक तथा सामग्री खर्च | टंक प्रसाद उप्रेती | ५०,०००.०० | ० | ५०,०००.०० |
| | **जम्मा** | **१८५३९९४९** | **०** | **१८५३९९४९** |

४२ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसुची ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानिय तह र प्रत्येक वडामा राख्नुपर्ने व्यवस्था भएता पनि पालिका र वडाले उक्त व्यवस्थाको कार्यान्वयन गरेको देखिएन । सोही कार्यविधिको दफा ११ मा लगत कट्टा गर्ने व्यवस्था भएता पनि प्रभावकारी रुपमा समयमै लगत कट्टा भएको समेत देखिएन । दफा २३ र २६ मा बैंकले लाभग्राहीको बैंकको निश्क्रिय खाताको जानकारी प्रत्येक श्रावण महिना भित्र विभाग र स्थानिय तहलाइ दिनुपर्ने साथै रकम नझिकेका लाभग्राहीको विवरण अनुसुची ११ बमोजिम ढाँचामा प्राप्त गरी स्थानिय तहले आवश्यक छानविन गरी कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नपाइएमा रकम फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा सो वमोजिम बैंकले जानकारी दिएको देखिएन । साथै अनुसुची ११ बमोजिमको विवरण पालिकाले तयार गरेको समेत छैन । निश्क्रिय खाताको रकम एकिन तथा वढी भुक्तानी निश्चित गर्न नसकिएकोले पालिकाले सो को विवरण अद्यावधिक गरी खर्चको यथार्थता एकिन हुनुपर्दछ ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ ।यस पालिकालाइ सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकार बाट रु.२९०७२८४०० बजेट विनियोजन निकासा भई रु.२९०३९५८९६।७७ वितरण भएको अर्थात् बैंकले लाभग्राही खातामा जम्मा गरेको र यस वर्ष फिर्ता गरेको रु.६७५६९०।२३ पाईयो । पालिकाले वर्षान्तमा वैंकमार्फत निकासा गएको र वैंकले संम्वन्धित लाभग्राहिको खातामा रकम जम्मा गरी फिर्ता वाँकीको हिसाव यकिन गरेर वितरण नभई वाँकि रहेको रकम रु.३३२५०३.२३ कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा नभई वजेट वाँकि रहेको आर्थिक विवरण पेश भएको छ ।

४३ **रासन भत्ता**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने ब्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा १० जना नगर प्रहरी भर्ना गरी कार्यसम्पादन सम्झौता गरेको छ । नगरप्रहरी सँग मिति २०८०।४।१ लगायत विभिन्न मितिमा भएको सम्झौतामा मासिक तलव पोषाक र चाडपर्व खर्च उपलव्ध गराउने उल्लेख छ । सो सम्झौताका शर्त तथा उल्लेखित सेवा सुविधा अनुसार नगरप्रहरीलाई रासन खर्च उपलव्ध गराउन मिल्ने देखिदैन । तर १० जना नगरप्रहरीलाई रासन भत्ता रु७३०००० भुक्तानी गरेको पाईयो । सम्झौता वाहेकको सुविधा भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,३०,००० |

४४ **विनियोजन भन्दा बढी खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **२३७,५८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४५ **अन्य आम्दानी**

पालिकामा एक्साभेटर, दमकल, एम्वुलेन्स र व्याकोलोडर लगायतका विभिन्न हेभि सवारी साधन तथा उपकरणहरु रहेकोमा सोको सञ्चालन तथा तिनिहरुवाट आम्दानी र खर्च सम्वन्धमा पालिकामा लगवुक, आम्दानी प्रतिवेदन लगायतका कुनै अभिलेख रहेको पाईएन । पालिकाले उक्त सवारी साधन तथा उपकरणहरु सञ्चालन तथा व्यवस्थापनका लागी मापदण्ड सहितको कार्यविधि स्विकृत गर्ने र ति साधनलाई उपयोग गरी प्राप्त हुने आम्दानीको व्यवस्थित अभिलेख अद्यावधिक गरेर आयको पारदर्शिता अभिवृद्धि गर्नुपर्दछ । साथै हालसम्म गरे भएको आम्दानीको छानविन गरी अविलम्व आय अभिलेख हुनुपर्दछ ।

४६ **वडा कार्यालयमा डोर हाजिरी पारिश्रमिक**

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **२१०,२१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४७ **पदाधिकारी थप सुविधा**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) अनुसार नगरपालिकाले प्रतिस्पर्धाको आधारमा सेवा करार लिनुपर्ने छ । त्यस्तै वागमती प्रदेश पदाधिकारी तथा सदस्य सेवा सुविधा सम्वन्धी ऐन २०७५ मा जनप्रतिनिधिले स्वकिय सचिव राख्ने नपाउने व्यवस्था गरेको छ । नगरउपप्रमुखको सचिवालयमा सहयोगी पदमा करारमा कामकाज गराउन प्रमुख प्रशासकिय अधिकृतवाट मिति २०८०।६।२१ मा निलकण्ठ ३ धादिङ्ग का श्रीकृष्ण रिजाल सँग सम्झौता भएकोमा निजसँगको सम्झौताको शर्त नं ६ मा नगरउपप्रमुखको सचिवालयमा सचिवालय सहयोगि पदमा रहि पद तथा कार्यविवरण अनुसारको कार्य गर्नुपर्ने उल्लेख छ । यसरी ऐन

विपरित सचिवालय सुविधा वापत कर्मचारी करारमा पालिकाले मिति २०८०।६।२२ देखि २०८१।३।३० सम्म पारिश्रमिक वापत जम्मा रु.२४५६०० र अन्य विविध खर्च समेत कुल जम्मा रु.९२३३४४ भुक्तानी गरेको पाईयो । नियममा भएको व्यवस्था विपरित उप प्रमुखको सचिवालयमा कर्मचारी करारमा राखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,२३,३४४ |

४८ **कर्मचारी प्रोत्साहन र फिल्ड भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) वमोजिम स्थानीय सेवा गठन संचालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने दफा ८६ (२) वमोजिम सेवाको गठन संचालन तथा व्यवस्थापन सेवाको सुविधा अन्य व्यवस्था तहले वनाएको कानुन वमोजिम हुने उल्लेख छ । त्यस्तै स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा (६९) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन गर्नका लागि सम्वन्धित स्थानीय तहले आफ्नो आन्तरिक श्रोत वाट खर्च व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले कार्यपालिकाको विभिन्न मितिको निर्णयका आधारमा कानुन र कार्यविधि नवनाई कर्मचारीहरुलाई प्रोत्साहन तथा अन्य भत्ता वापत रु ५४४०५२४ र प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता वापत १४ जना कर्मचारीलाई रु.३१२७६७ समेत कुल जम्मा रु.५७,५३,२९१ लाख आन्तरिक श्रोतवाट खर्च लेखेको छ । यस किसिमको भुक्तानी खर्चमा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिँदै विभिन्न सुचक निर्धारण गरी संघीय कानुनलाई समेत ख्याल गरी कानुन वनाउने र मितव्ययी किसिमवाट दोहोरो खर्च भुक्तानी नहुने गरी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

४९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकामा आन्तरिक लेखापरीक्षक आन्तरिक लेखापरीक्षक नारायण न्यौपाने वहाल भएतापनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा सो नगरेकोले आन्तरीक लेखापरीक्षकको पारिश्रमिक जम्मा रु ६६२७१२ र अन्य खर्च समेत कुल जम्मा रु ९,८६,६५८.६३ भुक्तानी भएको आन्तरिक लेखापरीक्षकको खर्च अनियमित देखिएको रु.९,८६,६५८.६३

| | |
|---|---|
| अनियमित भएको | ९,८६,६५८ |

५० **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यस आ.व.मा पालिकाले देहायका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ४११०५६६२ खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन । ऐनको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ ।

| विवरण | कर्मचारी संख्या | कूल तलब भत्ता रकम |
|---|---|---|
| पालिका चालु तर्फ विभिन्न कर्मचारी | ४२ | २६६०७७३७ |
| स्वास्थ्य कर्मचारी | २४ | १४४९७९२५ |
| जम्मा | | ४११०५६६२ |

५१ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको ११ बर्थिङ सेन्टरमा गत वर्ष ३०० थान रु. १८८४७० मा खरिद गरेकोमा र यस वर्ष (खरिद

नभएको) मा गतवर्ष १५० जना र यस वर्ष ५७ जना गरी २०७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ९३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । पालिकाले गर्भवती महिलाको तथ्यांकका आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५२ **सेनेटरी प्याड व्यवस्थापन** (३११-२०८१-२-१४):

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न ४१ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका ३७७३ जना छात्राका लागि ५७४५० थान कूल रु. ३७३२८१३ (मु.अ.कर सहित) को स्यानिटरी प्याड खरिद गरेको देखिन्छ ।वार्षिक रुपमा छात्राले प्रयोगमा ल्याउन सक्ने गरी खरीद एंवम वितरण गर्नु पर्ने उक्त स्वास्थ्य सामाग्रि वर्षान्तमा खरिद गरिएकोले उक्त सामाग्रि सम्बन्धित विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको उचित देखिएन । कार्यक्रमको उद्देश्य अनूरुप उपयूक्त समयमै स्यानिटरी प्याड खरिद गरी सम्बन्धित विद्यालयमा तत्काल वितरण हुनुपर्दछ ।

५३ **प्रति विद्यार्थी लागत**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप कार्यान्वयनमा प्रति विद्यार्थि लागत प्रभावी हुने गरी अनुदान निकासालाई आवद्ध गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | ४३६३६४००० | ४०३५१०२६२ | १२२३६ | ३२९७७ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. ३२९७७ रहेको देखिन्छ ।विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

५४ **निजी स्रोत शिक्षक**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार नियमानुसारको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ३० वटा सामुदायिक विद्यालयहरुमा जम्मा ३१ जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । विद्यालयमा विद्यार्थि संख्या तथा शिक्षकको अनुपात यकिन गरेर अत्यावश्यक दरवन्दिमा मात्र करारमा शिक्षक भर्ना गर्नुपर्नेमा यस आ.व. मा ३१ जना स्वंयमसेवक शिक्षकको तलवमा कुल रु. १००६६१९६ खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै योग्य करार शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

५५ **शिक्षक दरबन्दी र पदपूर्ति**

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रित्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने तथा शिक्षा ऐन

२०२८ को दफा १६ (च) १ मा जिल्ला शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात गर्नुपर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ ।

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| ८२ | ४५५ | ४५५ | २८८ | १६७ | ० | १२२३६ | २६.८९ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

५६ **विद्यालय निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

५७ **मूल्य अभिवृद्धि कर कट्टी नगरेको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१०,३२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२६,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,१८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **५,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **३,७०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **२६,८७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१९,०६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **११,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **पदाधिकारी भ्रमण खर्च**

(६२१।२०८०।११।१६) बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(३)को उपदफा (१)बमोजिम तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वंयले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने उल्लेख छ । नगर प्रमुखको ३ दिन भन्दा बढि अवधिको देहायका भ्रमण आदेशमा कार्यपालिकाको स्विकृति बेगर खर्च लेखेको नियमसम्मत देखिएन । लेखापरीक्षण अवधिपश्चात् नगरसभा तथा कार्यपालिका समेतलांई जानकारी गराई अनुमोदन तथा नियमित गराएतापनी समयमै अनुमोदन गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| मिति | स्थान | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढि भुक्तानी |
|---|---|---|---|---|
| २०८०।०९।२ देखि ०९।०८ सम्म | काठमाडौं | ११२५० | ४०५० | ७२०० |
| २०८०।०९।१८ देखि ०९।२३ सम्म | काठमाडौं | ९४५० | ४०५० | ५४०० |
| २०८०।१०।०४ देखि १०।०८ सम्म | हेटौडा | ७६५० | ४०५० | ३६०० |
| २०८०।१०।२० देखि १०।२६ सम्म | हेटौडा | ११२५० | ४०५० | ७२०० |
| २०८०।११।०२ देखि ११।०६ सम्म | हेटौडा | ७६५० | ४०५० | ३६०० |
| जम्मा | | | | **२७०००** |

५९ **मू अ कर मा दर्ता नभएको संग खरिदः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१४९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१३१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **८१,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१२** को निर्णयले रू **१४३,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **६९,८३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

६० **स्पेसिफिकेशन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(३) अनुसार कुनै पनि कार्यको भुक्तानी गर्दा बजेटको सिमाभित्र रही रितपूर्वक कागज प्राप्त भएपछि गर्नुपर्ने व्यवस्था छ । सहकारी मार्फत समुदायमा आधारित कार्यक्रम शिर्षकबाट मौसमी तथा बेमौसमी तरकारी खेती तालिम तथा विउ विजनहरु वितरण डिजिटल ढक, मिनिटिलर र प्लास्टिक टनेल वितरण गर्न श्री सङ्कोष महिला कृषि सहकारी संस्था लिमिटेडलाई रु. २०४०००।– भुक्तानी गरेकोमा ५ थान मिनि ट्रिलर (178F Mini Tiller Diesel 7Hp र 173F Mini Tiller Diesel 6Hp) खरिद गरेको खर्च भुक्तानीमा स्पेसिफिकेशन अनुसारको सामाग्री खरिद भए नभएको विज्ञबाट प्रमाणित भएको देखिएन । तोकिएको स्पेशिफिकेशन अनुसारको सामान खरिद भए नभएको खरिद भएका यन्त्र उपकरण तथा औजार लक्षित कार्यमा प्रयोग भए नभएको र उक्त सामानको उपयोगवाट प्रतिफल पाए नपाएको लेखाजोखा सहित पालिकाबाट अनुगमन गर्ने र

अनुदानको सदुपयोग भएको सम्बन्धमा एकिन गरी प्रतिवेदन पेश गरेको देखिएन । अनुदान दिएको रकमको प्रयोग, प्रतिफल एकिन हुनेगरी नियमित अनुगमन एवं मुल्यांकन गर्ने व्यवस्था हुनुपर्दछ ।

## ६१ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था उल्लेख छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ५०००।- का दरले भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| श्री प्रकाश मा. वि . १ | १६ | १ | २ | १९५००० |
| श्री मनकामना देवी आ. वि . ५ | २० | १ | २ | १९५००० |
| श्री पतेनी आ. वि . ५ | १४ | १ | २ | १९५००० |
| श्री अन्नपूर्ण आ. वि २ | १६ | १ | २ | १९५००० |
| जम्मा | | | | ७८०००० |

| | |
|---|---|
| अनियमित भएको | ७,८०,००० |

## ६२ विद्यालय अनुदानको अनुगमन

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेको छ ।यस वर्ष विभिन्न ८२ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटि अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु.६८६९६६३१ अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । कार्यालयले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । यस्ता खर्चको भुक्तानीलाई अनुगमन प्रतिवेदनसँग अद्यावधिक गरेर अनुदान रकमको उपयोग, प्राप्त प्रतिफल यकिन गरेर अनुदानको उपयोग सुनिश्चित गर्नुपर्दछ ।

## ६३ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. र योजना सं . | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| पालिकाका ११ वटा वडामा ११ वटा योजना | सडक मर्मत, गोरेटो बाटो निर्माण , सडक सोलिङ तथा घेरावार निर्माण तथा मर्मत | ७५ | ३४४७९६५ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. ६७०००००  रकम व्यवस्था भएकोमा रु. ४६४१५११ करिव ६८.९८ % खर्च भएको देखिन्छ। यस मध्ये रु. ३४४७९६५ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३४५ मध्ये यस वर्ष ७५ जनालाई औषत ६८ दिन रोजगारी प्रदान गरेको देखिन्छ । तर निर्माणाधिन संरचनाहरु टिकाउ एवं प्रभावी देखिदैनन् । यस्तो लगानीले रोजगारी सृजना गरेपनी प्रतिफल दिने योजनाको कार्यान्वयनमा टेवा पुग्ने देखिदैन ।

## ६४ कृषि अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सहि सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाले कृषि कार्यक्रममा देहायका अनुदान खर्च भुक्तानि गरेको छ । अनुदानीत सम्पूर्ण कार्यक्रमको सहि सदुपयोग भए नभएको अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन समेत गर्नुपर्दछ । पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने यस्ता अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई लाभ लागत यकिन गरेर प्रतिफलका आधारमा यस्ता अनुदान वितरण गर्ने एवं आवधिक अनुगमन एवं प्राविधिक मूल्यांकन गरेर मात्र अनुदान वितरण गर्नुपर्दछ ।

| भौन र मिति | कार्यक्रमको नाम र लाभग्राहिको नाम | वितरीत सामाग्रिको नाम | अनुदान रकम | लागत सहभागिता | अनुगमन विवरण |
|---|---|---|---|---|---|
| ३७३। ३।१४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (१३ जना होटल व्यवसायी) | ९थान रेफ्रिरेजेरेटर, ४ थान माईक्रो ओभेन, ३ थान मिक्चर मेशिन र ३ थान ट्रे | २०९४६२ | ५० प्रतिशत | अनुगमन भएको |
| ३८६। ३।१९ | धानवाली प्रवर्द्धन कार्यक्रम (जयबागेश्वरी कृषक समूह) | ३ थान मिनिटिलर र १ थान एग्रिकल्चर थ्रेसर | १४९६३२ | ५० प्रतिशत | अनुगमन भएको |
| ३८६। ३।१९ | धानवाली प्रवर्द्धन कार्यक्रम (परोपकार कृषि संहकारी ) | साना सिंचाई सहयोग तथा मिनिटिलर सहयोग | १२७६१६ | ५० प्रतिशत | अनुगमन भएको |
| ३८६। ३।१९ | धानवाली प्रवर्द्धन कार्यक्रम (शुभतारा साना कृषि सहकारी) | साना सिंचाई सहयोग तथा मिनिटिलर सहयोग | ३५६४७५ | ५० प्रतिशत | अनुगमन भएको |
| ३८६। ३।१९ | धानवाली प्रवर्द्धन कार्यक्रम (तल्लोवेंशि कृषि सहकारी ) | साना सिंचाई सहयोग तथा मिनिटिलर सहयोग | १३८२२५ | ५० प्रतिशत | अनुगमन भएको |
| ३८८। ३।१९ | तरकारी पकेट निरन्तरता कार्यक्रम (स्मार्ट कृषक समूह) | टनेल निमार्ण, कृषि यान्त्र उपकरण सहयोग( मिनिटिलर, स्वायल पि एचमिटर आदि) बिउ बिजन सहयोग | ४८०३९९ | ५० प्रतिशत | अनुगमन भएको |

## ६५ तुलनात्मक तालिका बेगर भुक्तानी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा वढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा तीनवटा आपुर्तिकर्ता, निर्माण व्यवसायीवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव मागलाई तुलनात्मक चार्ट बनाई सबै भन्दा न्यून दरको आपुर्तकले दर रेट स्वीकार गरि निजवाटै खरिद गर्नु पर्दछ । पालिकाले विभिन्न समयमा विभिन्न सप्लायर्ससंग सामाग्री खरिद गरेकोमा तुलनात्मक विश्लेषण नगरी देहाय बमोजिमको आपुर्तक संग खरिद गरेको सामान तथा सेवा नियमसम्मत देखिएन । पेश भएका दररेटको

आपुर्तकवाईज तुलनात्मक चार्ट विश्लेषणवाट न्युनतम दर रेट कवोल गर्नेवाट मितव्ययी खरिद कार्य गरेको आधार यकिन गर्न सकिएन । न्युनतम कवोल गर्ने आपुर्तकवाट वस्तु वा सेवा खरिद गरेको एकिन आधारमा मात्र खरिद कार्य टुङ्ग्याउनुपर्दछ ।

| **गोश्वरा भौचर मिति** | **आपुर्तक** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ८९।२०८०।०५।२५ | सनराइज सप्लायर्स | इलेक्ट्रोनिक सामाग्री | ५५२४९८ |
| १९७।२०८०।०६।२६ | सनराईज इन्टरनेश्नल आईटी सोलुसन | कम्प्युटर मेशिनरी मर्मत सम्भार | ३४१६३२ |
| २०२।२०८०।०६।२६ | सनराईज इन्टरप्राइजेज | इलेक्ट्रोनिक सामाग्री | ५९७३३० |
| २०६।२०८०।०६।२६ | त्रिपुरासुन्दरी छापखाना | सामाग्री छपाई | ५९९८६० |
| ३३८।२०८०।०७।२१ | शिशिर अफसेट प्रेस छापखाना | रातो किताब सम्पादन तथा छपाई | ४२०३६० |
| ४७९।२०८०।०९।१८ | तामाकोशी इन्टरप्राइजेज प्रा.ली. | मसलन्द सामाग्री खरिद | ८२४१२० |
| ५५५।२०८०।१०।१७ | सनराईज इन्टरप्राइजेज | विविध सामाग्री | ५५८२२० |
| ६६२।२०८०।११।१७ | गणेश कुण्ड समिल | विविध सामाग्री | ६७१५०२ |
| ९७१।२०८१।०२।०४ | युनिक वि.एन.फर्निचर प्रा.ली. | फर्निचर खरिद | ६६५००५ |
| **जम्मा** | | | ५२३०५२७ |

## ६६ सिमा भन्दा बढीको खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु १० लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । तर पालिकाले नियमावलीमा भएको व्यवस्था विपरित निम्नानुसारमा कार्यालय सामान तथा मसलन्द खरिदको लागी १० लाख भन्दा बढीको खरिद एउटै पार्टि (तामाकोशी इन्टरप्राइजेज ६१०२८०२४९) वाट गरे गराएको नियमसम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ ।

| गो भौ नं र मिति | | विवरण | रकम |
|---|---|---|---|
| ४७९ | २०८०/०९/१८ | तामाकोशी इन्टरप्राइजेजलाई विजक अनुसारको मसलन्द | ७,८४,७३७ |
| ९२३ | २०८१/०१/२१ | तामाकोशी इन्टरप्राइजेजलाई विजक अनुसारको मसलन्द | ७,७१,९७५ |
| १२९१ | २०८१/०३/१९ | तामाकोशी इन्टरप्राइजेजलाई विजक अनुसारको मसलन्द | ५,७६,९४८ |
| | | **जम्मा** | २१३३६६० |

## ६७ उपभोक्ता समिति परिचालन सम्बन्धमा

एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) ले तोकेको छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश कालोपत्रे सडक, पुल निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् ।

क) उपभोक्ता समिति दर्ता - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अुनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

(ख) योजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न

भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

(ग) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसरी अनाधिकृत मेशिन प्रयोग गरेका उपभोक्तालाई समझौता रद्ध गरी कार्य समेत नदिने गरी कारवाहि पनि गरेको छैन । नियमविपरित मेशिनको प्रयोग गर्ने उपभोक्तालाई कानुन अनुसार कारवाहि गर्नुपर्दछ ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौतामा समावेश हुँदैमा योजना कार्यान्वयन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

(च) धरौटीको व्यवस्था - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

(छ) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । सार्वजनिक सुनुवाई लगायत सामाजिक लेखापरीक्षण गरी भुक्तानीको लागी पालिकामा पेश गर्नुपर्नेमा सो वेगर भुक्तानी सिफारिस हुने देखिएकोले नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई सामाजिका लेखापरीक्षण प्रतिवेदन सहित कार्यालयमा पेश गरेपश्चात् भुक्तानी हुने व्यवस्था हुनुपर्दछ ।

ज) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन

तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने÷गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितताका आधारमा प्राविधिक विलको भुक्तानी हुनुपर्दछ ।

झ) प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वर्षान्तमा संम्झौता अनुसार निर्माण भएका यस्ता निर्माणाधिन संरचनाको स्थलगत मापन मुल्यांकन नगरी भुक्तानीका लागी लागत अनुमानकै copy paste गरी परीमाण मापन मुल्यांकन गरेर विल प्रमाणित गरी खर्च लेख्नु उपयुक्त देखिएन । यस्तै प्रकृतिका अघिल्ला महिनामा भुक्तानीका लागी पेश भएका समान खाले निर्माणाधिन संरचना ६० प्रतिशतको हाराहारीमा मुस्किलले कार्यान्वयन भई भुक्तानी भएको अवस्थामा वर्षान्तमा सम्झौता भएका निर्माण संरचनामा वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । साथै नगरपालिकाको स्विकृत नीति तथा कार्यक्रम अनुसार न्युनतम १५ प्रतिशत को लागत सहभागीताको प्राविधिक मुल्यांकनमा छुट्टै निर्माण कार्यको मापन मुल्यांकन खुल्ने गरी मुल्यांकन प्रतिवेदन वनाई हालको लमसम लागत सहभागीताको खर्च लेख्ने परिपाटिलाई नियन्त्रण गर्नुपर्दछ ।

६८ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५ प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि बीना सोझै पटक पटक खरिद तथा निर्माणको काम गरेको छ ।

| सि.नं. | योजनाको नाम | फर्म नाम | खर्च रु. |
|---|---|---|---|
| १ | waiting shed construction-०५ | श्री सान्सा निर्माण सेवा एण्ड सप्लायर्स कम्पनी प्रा.लि. | ६६८४६० |
| २ | अमरावती सडक ढलान -०८ | श्री न्यू स्वच्छन्द्र निर्माण सेवा, | ९९३५९४ |
| ३ | नापी कार्यालयको भवनमा पाटेसन र च्यानल गेट निर्माण | श्री बलदेवी निर्माण सेवा, | २९८४१९ |
| ४ | वडा कार्यालय हल निर्माण- ०७ | श्री श्रेयालक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली | ९८३९१० |
| ५ | सरकारी वकील कार्यालय | सेतो हिमाल | ६१११०२ |
| ६ | वडा कार्यालय हल निर्माण- १० | सुन्दरादेवि निर्माण सेवा | ९९९६०० |
| ७ | गैरीगाँउ सहरी स्वास्थ्य किल्निक भवन मर्मत -०५ | श्री बलदेवी निर्माण सेवा | ४४४२०३ |
| ८ | आधारभुत स्वास्थ्य चौकीको अधुरो निर्माण -०७ | श्री आई एस.पी. इन्फाटेक प्रा.लि | ९१९६५३ |
| ९ | पार्किङ्ग स्थलमा सेड निर्माण कार्य | श्री गार्भी एण्ड निर्भी कन्स्ट्रक्सन, | ५९४०७५ |
| १० | पुलिस विट निर्माण कार्य - १२ | श्री एस. एस. कन्स्ट्रक्सन | ९९६१०३ |
| ११ | पुष्पलाल स्मृती प्रतिष्ठान भवन निर्माण - १२ | श्री के पि निर्माण सेवा, | ९८९०२९ |
| १२ | वडा स्तरिय ह्याम्पाइ क्याभपिट निर्माण -०८ | श्री एस.एस. इन्जनियरिङ्ग कन्स्ट्रक्सन | ४९५६६५ |
| १३ | लिची फेद रिजाल डाँडा घैट चौतारा आंगटारी सडक स्तरोउन्नती | श्री अनकन्या निर्माण सेवा | ९९८१८८ |
| १४ | वडा कार्यालयका भवनहरु सुधिकरण-५-११ | श्री प्रसुमन कन्स्ट्रक्सन एण्ड इन्जनियरिङ सर्भिसेज प्रा.ली | ९८६६४७ |
| १५ | इन्जनियरिङ सर्भिसेज प्रा.ली | | |
| १६ | कुमाल संग्रालय निर्माण | श्री एस.एस. इजनियरिङ्ग कन्स्ट्रक्सन | ४८९७३४ |
| १७ | वड न १० विविध | श्री एन. एस. एन. कन्स्ट्रक्सन | ९१५४७८ |
| १८ | वडा कार्यालयका भवनहरु – १० | श्री शिलाजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९६९५९५ |
| १९ | धादिङ वेसि फ्याक्से फोस्रेटार सडकखण्ड -५ | कलर्स निर्माण सेवा | ९९५८० |
| २० | वडा स्तरिय आकस्मिक मर्मत १४ | कलर्स निर्माण सेवा | ५४०१४ |
| २१ | फोहोर मैला व्यवस्थापना | श्री ज्वालामुखि कन्स्ट्रक्सन | ६४२३८७ |
| २२ | Dao store construction | श्री शिखा कन्स्ट्रक्सन | ५०३०९३ |
| २३ | वातावरण तथा विपदजन्य कार्य | श्री जय भैरवि कन्स्ट्रक्सन | ९९७५६ |
| २४ | सुनौला बजार नवलपुर सडकको ध्वारे डाँडामा ग्याबिन भर्न र ढिकुरे डाँडा सडक निर्माण-६ | श्री जय भैरवि कन्स्ट्रक्सन | ७४१९९ |
| २५ | विपद भवन मर्मत १२ | श्री गरिवि कन्स्ट्रक्सन | ९५१८१ |
| २६ | वडा न १२ स्तरिय आकस्मिक मर्मत | धादिङ नीलकण्ठ निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | ९५१७४ |
| | **जम्मा** | | १५०१६८४१ |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ( ४ ) मा सार्वजनिक निकायले सम्झौता अनुसार रकम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य विल विजकमा ५ प्रतिशतको दरले अग्रिम कर कट्टी गरी राख्ननुपर्ने व्यवस्था छ । तर पालिकाले उपरोक्त अनुसारको निर्माण व्यवसायीबाट काम गराई रकम भुक्तानी गर्नु अगावै रिटेन्शन मनी कट्टी गरेको छैन । धरौटी वापतको रकम श्रोतमा नै कट्टा गर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

६९ **मसलन्द तथा कार्यालय सामाग्रि**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्न नपाईने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस आ.व. मा मसलन्द तथा कार्यालय सामाग्रि खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई पटक पटक आवश्यक्तानुसार हाते खुला कोटेशनवाट सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको कार्य नियमसम्मत देखिएन । प्रतिस्पर्धात्मक विधि कायम हुने गरी खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ । नमुना परीक्षणका क्रममा मसलन्द तथा कार्यालय सामाग्रि तर्फ निम्नानुसार भुक्तानी भएको छ ।

| **मिति** | **भौ. नं.** | **विवरण** | भुक्तानी रकम |
|---|---|---|---|
| २०८१/०३/२१ | १३९७ | न्यु त्रिपुरा सुन्दरी छापाखाना लाई भुक्तानी | ३०१५६८. |
| २०८१/०३/१९ | १२८९ | न्यू त्रिपुरा सुन्दरी छापाखाना बिल भुक्तानी | ४३६७४५. |
| २०८०/०५/२८ | ९४ | तामाकोशी इन्टरप्राइजेजलाई भुक्तानी | ७१५२३१. |
| २०८०/०६/२६ | २०६ | कार्यालय सामाग्री छपाई बिल भुक्तानी | ५९९८६०. |
| २०८०/०९/१८ | ४७९ | कार्यालय मसलन्द सामाग्री खरिद बिल भुक्तानी | ८२४१२०. |

७० **अनुपातिक बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **९८,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-७** को निर्णयले रू **१५,०७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

७१ **निलकण्ठ क्याम्पस होस्टल निर्माण**

पालिकाको विशेष अनुदान तर्फ ठेक्का नं १२।८०।८१ को निलकण्ठ क्याम्पस होस्टल निर्माणको लागी वजेट रु.१२५००००० प्राप्त भएकोमा सोको कार्यान्वियनको लागी २०८०।१०।१४ मा बोलपत्र सुचना प्रकाशन भएको, मिति २०८०।११।१७ मा आशयको सुचना प्रकाशन भई २०८०।११।२३ मा श्री रेहान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स धादिङ्गको वोलपत्र स्विकृत भएकोमा २०८०।११।२३ मा उक्त निर्माण सेवालाई १५ दिनभित्र सम्झौता गर्न वैंक जमानत निवेदन र कार्यतालिका सहित LOA दिईएकोमा २०८०।१२।६ मा निवेदन र जमानत पेश गरेको तर तालिका र सम्झौता नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(५) अनुसार सम्झौता नहुँदा उक्त निर्माण व्यवसायीलाई वोलपत्र जमानत जफत गरी ऐनको दफा ६३(ख) बमोजिम कारवाहिका लागी नियमावलीको १४१(१) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने र ऐनको दफा २७(६) बमोजिम मुल्यांकन समितिको सिफारिस अनुसारको दोश्रो न्यून मुल्यांकन सारभुत रुपमा प्रभावग्राही हुनेको बोलपत्र स्विकृत गरी सम्झौता गर्नुपर्नेमा आर्थिक वर्षको अन्त हुने र कार्यक्रम सम्पन्न नहुने जनाई दोश्रोसँग पनि सम्झौता नगरी वजेट फ्रिज गरेको पाईयो । Bid security रु.३००००० जफत गरेको तर

लेखापरीक्षण अवधिसम्म पनि निज निर्माण व्यवसायीलाई कालोसुचिका लागी कारवाहिको निर्णय समेत नभएको देखियो । समयमा ठेक्का आव्हान नगरेको र नियमावलीले तोकेअनुसारमा कारवाहि नगरेको सम्वन्धमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७२ **राम मन्दिर हटिया जनकमोड सडक स्तरोन्नती**

यस वर्ष सडकवोर्ड अन्तरगत राम मन्दिर हटिया जनकमोड सडक स्तरोन्नती को लागी रु. १ करोड वजेट विनियोजना भई नगरपालिकाको साझेदारीमा रु. ४६७९३७८ म्याचिङ्ग फण्ड थप गरी सडक निर्माणको कार्य संचालनमा आएको छ । निर्माण व्यवसायी एस.एस कष्ट्रक्सन, धादिङ्ग संग २०८०।१२।६ मा रु. १११५५२४१।६४ को ठेक्का स्वीकृत गरी २०८०।३।१६ मा सम्पन्न गर्नु पर्ने गरी कार्यादेश भएको देखिन्छ। कुल १.२० कि.मी. मर्मत सम्भार सहित २.५ कि.मी. सडक स्तरोन्नती गर्ने कार्यक्रम स्वीकृत भएकोमा प्रथम रनिङ्ग विलवाट रु. ९४२३८०६।०६ तथा अन्तिम विलवाट रु. ४२१५१७४।४८ समेत रु. १३६३८९८०।५४ भुक्तानी भएको छ ।

निर्माण व्यवसायीको सम्झौतामा ठेक्का रकम २४.०१ प्रतिशत घटी सडक स्तरोन्नतीको कार्यक्रम सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन सहितको अन्तिम विल भुक्तानी भए पश्चात २०८१।१।८ मा कार्यपालिकाको निर्णयवाट ठेक्कावाट वचत रकमवाट सोही सडक मर्मत गर्ने भनी निर्माणका ३ Items नयाँ तथा २ Items पुराना कार्यहरु भेरीएशनवाट थप गरेको देखियो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (१) मा कार्यालयले सम्झौता गर्दाको वखत पुर्व अनुमान गर्न नसकिएको परिस्थितीमा नियमावलीको प्रक्रिया पुरा गरी भेरिएशन जारी गर्न सक्ने व्यवस्था रहेको छ । १.२० कि.मी. मर्मत समेत २.५ कि.मी. सडक स्तरोन्नती गर्ने लक्ष्य रहेकोमा १०२३ मिटर सडक स्तरोन्नती गरेको कार्य स्वीकार प्रतिवेदनमा औंल्याएको, उपरोक्त वमोजिमको items मा २३.१९ प्रतिशत भेरिएशन गरेको देखिन्छ ।उक्त भेरिएशन जारी गर्ने कार्य कार्यपालिकाको वैठकले सिफारिस गरी नगर सभावाट अनुमोदन हुनुपर्नेमा अनुमोदन प्रक्रिया टुंगिएको छैन । भेरिएशनवाट थपिएका Item Iron, Plum concrete masonry wall जस्ता नयाँ आईटममा शुरु ठेक्का सम्झौतामा ठेकेदारले कवोल गरेको दर (२४.०१%) अनुसार नयाँ आइटममा नेगोसिएशन गरी दर तय गर्नु पर्नेमा भेरिएशन पछीको दरमा प्रतिशत Fixed गरेको, पुराना २ items को परिमाण शुरु ठेक्काको ३९ प्रतिशत वृद्धी गरेको देखिन्छ । ठेक्काको कार्यान्वियनवाट वचत भएको रकमवाट २३.१९ प्रतिशत भेरिएशन भएको कार्य सार्वजनिक खरिद नियमावली २०६४ नियम ११८(१,२) अनुसार नगर सभावाट अनुमोदन पश्चात् सो व्यहोरा कार्यान्वियन हुनु पर्नेमा नगर कार्यपालिकाको वैठकवाट मात्र निर्णय गरी खर्च लेखेपश्चात् नगरसभाको २०८१।३।१ गतेको निर्णयवाट अनुमोदन भई नगरप्रमुखवाट प्रमाणित गरेको विवरण पेश भएको छ । भेरिएसन आदेश स्विकृत गराएर मात्र कार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७३ **आन्तरिक ऋण**

नगरपालिकाले सह लगानीमा धादिँवेशि सहलगानी खानेपानी तथा सरसफाई आयोजना कार्यान्नियवन गर्न नगर विकास कोष संग मिति २०८०।३।१२ मा रु. ७ करोड ३५ लाख १ हजारको सम्झौता गरेको छ ।सम्झौता अनुसार यस वर्ष रु. ३०७१७७६७।– ऋण प्राप्त भएको देखिन्छ । उक्त ऋणको यस वर्षको व्याज रु. ५८१९३१।५० तथा आयोजना निर्माणको भुक्तानी ठेकेदार सगुन कष्ट्रक्सनलाई 3rd IPc को रु. ७६३४५०९।१८ (नगरपालिकाको व्यहोर्ने २५% रु. १९०८६२७।२९ घटाई वाकी) ऋणवाट भुक्तानी भएको देखिन्छ । निकासा भएको ऋण मध्ये रु.२२५०१३२६।– पालिकामा वर्षान्तमा ऋण लिएको रकम मौज्दात देखिन्छ । ऋण लिएको रकम मौज्दात राख्दा अनावस्यक रुपमा व्याज तिर्नुपर्ने देखिएकोले स्वीकृत ऋणवाट आवस्यक ऋण किस्ता मात्र माग गरी नगद प्रवाह व्यवस्थापन गर्नु पर्दछ । अन्यथा ऋण लिएको रकमको उपयोग हुन नसकी अनावस्यक व्याज खर्च वढ्न जाने अवस्था देखिएकाले ऋणको व्यवस्थापन कुशलता पुर्वक हुनु पर्दछ।

७४ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा ९ मा वहुवर्षिय खरिद र विषेश परिस्थितीवाट सर्जित दायीत्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने वाँकी रकम समावेश गरेर वजेट स्वीकृत हुनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्षको वजेटमा भुक्तानी दिन वाँकी दायीत्व एकिन गरेर २३ वटा योजनाको रु. ८६०९२४९९।६६ भुक्तानी दिएको छ । वार्षिक वजेटले नखाम्ने गरी योजना तथा

कार्यक्रम सम्झौता गरी कार्य थालनी गरेका कारण निकै ठूलो रकम भुक्तानी दिन वाँकी रहेको अवस्था देखियो । वार्षिक वजेटले वहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अस्थामा वाहेक यस प्रकारको दायीत्व सृजना हुने गरी खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ।

७५ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २० लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष औषधि खरिदमा रु. ४६ लाख ८७ हजार वजेट विनियोजन भएकोमा रु. ३४८०००।– को डेगु किट प्याकेट तथा रु. २३३९०००।– को ६६ वटा औषधी को अर्को प्याकेट वनाई खरिद गरेको देखियो । कार्यालयले राष्ट्रिय स्तरको पत्रिकामा उत्पादकको कोटेड मुल्य राखी BOQ को दर रेट स्वीकृत गर्नुपर्नेमा सोझै २ वटा आपुर्तकसंग हाते खुल्ला कोटेशन मागी न्यूनतम कवोल गर्ने मेरीगोल्ड इन्टरनेशनल प्रा.ली. संग रु. २३३९०००।– को औषधि रु. ४३७१४०।–मा कवोल गरी खरिद भएको र वचत रहेको रु. १८६६०२०।– को औषधि सोहि आपुर्तक संग सोझै विभिन्न ६६ वटा औषधिहरु खरिद गरी भुक्तानी गरेको छ। पहिलो प्याकेजवाट वचत रहेको रकमवाट दोश्रो पटक औषधि खरिद गर्दा उत्पादक कम्पनीको विक्री मुल्य आधार नलिई अघिल्लो प्याकेजको स्वीकृत आपुर्तकवाटै सोझै खरिद गरेको देखिएकाले खरिद कार्य प्रतिस्पर्धी एवं विश्वासनीय देखिएन ।

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अघि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• निःशुल्क वितरणका लागि भनि औषधिको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन ।तथा औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डब्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्गमा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

७६ **रकमान्तर**

नगर सभाको दोश्रो वैठकको नीति कार्यक्रम तथा वजेटको वुंदा नं. ३६ अनुसार विनियोजन भएका योजना तथा कार्यक्रम विभिन्न कारणवाट कार्यान्वियन हुन नसकी रकमान्तर गर्नुपर्ने भएमा विनियोजित वजेटको २५ प्रतिशत सम्म रकमान्तर गर्न सकिने गरी निर्णय भएको छ । नगर कार्यपालिकाको विभिन्न मितिमा वसेको वैठकले यस्ता योजनाको सत प्रतिशत सम्म वजेट रकमान्तर गरी अन्यत्र नयाँ तथा सभाले साविक मै स्वीकृत कार्यक्रममा लगी खर्च गरेको देखिन्छ । यसरी रकमान्तर गर्दा सभाको निर्णय विपरित सत प्रतिशत सम्म रकमान्तर गरेर खर्च गरेका केही उदाहरण निम्नानुसार छन् ।

| कार्यपालिकाकोनिर्णयमितिरनं. | सभावाट स्वीकृत कार्यक्रम | वजेट | रकमान्तर भै खर्च भएको कार्यक्रम | रकमान्तर रकम |
|---|---|---|---|---|
| २०८०।७।२२, २ | भैपरी आउने योजना | २ लाख | खेलकुद सामाग्री खरिद | ७० हजार |
| | वार्ड नं. १४ आकस्मिक मर्मत (प्रत्येक वडामा ८ लाखका दरले अवण्डा राखेको रकमवाट) | ८ लाख | विभिन्न सडक मर्मत | ५ लाख |
| २०८०।६।२१, | विच वजार गणेश मन्दिर मर्मत | १ लाख | नेवारी वाजा खरिद | १ लाख |
| मिलनटोद्य सिडी निर्माण | ३ लाख | नाली सरसफाई मर्मत | ३ लाख | |
| २०८०।१०।२६, ११ | निलकण्ठ सामुदायीक सिकाई केन्द्र भवन निर्माण | ५ लाख | कम्प्युटर खरिद व्यवस्थापन | ४ लाख |
| | मुकुन्द सेन स्मृती पार्क | ५ लाख | ईजरा आ वि अनुदान | १ लाख |
| | | | भैरवी पिकनिक स्पोर्ट | २ लाख ५० हजार |
| | | | चक्रदेवी मन्दिरमा फर्निचर | ५० हजार |
| | | | फुटवल प्रतियोगिता | २ लाख |
| | भैपरी आउनेविविध योजना | ४ लाख ५० हजार | निलकण्ठ मा वि ड्रेनेज अनुदान | ४ लाख |
| | | | कार्यक्रम संचालन प्रशासनिक खर्च | ८४ हजार |
| | अपाङ्गता भएका व्यक्तिका लागि जिविको पार्जन कार्यक्रम | ३ लाख ५० हजार | सहायता सामाग्री खरिद | ३५००० |
| २०८०।१०।२९ | विविध भैपरी | ५ लाख | पाईप खरिद वितरण | १ लाख ५० हजार |
| | | | केरावारी पदमार्ग मर्मत | १ लाख |
| | | | कुखुरेटारी पदमार्ग मर्मत | १ लाख |
| | | | धाराटोल सफाई | १ लाख |
| | | | फुलफुल विरुवा खरिद | १ लाख |
| २०८०।१।२५ | तल्लो मोले भवन निर्माण | ५ लाख | शोचालय वाथरुम मर्मत | ४ लाख |
| | कालिका मन्दिर सिढी मर्मत | ५ लाख | गाउघर क्लिनीक संचालन | ५ लाख |
| | नमुना आमा समुहको भवन | ५ लाख | सामुदायीक भवन मर्मत | ५ लाख |
| | राधाकृष्ण मन्दिर युयुमाजील चर्च घेरावार | ४ लाख | नेवारपानी मन्दिर मर्मत | ५ लाख |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २०८१।१।२५ | आ.व. २०७९।८० मा न.पा. वाट संकलित राजश्वको १०% रकम वाट खर्च गर्ने | २० लाख | संझना टोल ढलान वाटो नि. | ३ लाख ८० हजार |
| | | | वार्ड नं. ३ मा विभिन्न स्थानमा रेलिङ्ग निर्माण | ५ लाख |
| | | | कृर्षी सडकका ६ योजना मर्मत | ११ लाख १४ हजार |
| | छतिवन डाडा दलित वस्ती खानेपानी योजना | ५ लाख | वासवोटे खानेपानी पाईप -७ | ४ लाख ५० हजार |
| | | | पाचकुरे कुवा संरक्षण | ५० हजार |

नगर सभामा पारित भएका करिव ४० प्रतिशत योजनाको ५० देखि १०० प्रतिशत वजेट कार्यपालिकाको पटके निर्णयवाट रकमान्तर गरी वर्षान्तमा खर्च गरेको अवस्था छ । सभावाट पारित नीति तथा कार्यक्रम कार्यान्वियनमा गरेको प्रतिवद्धता कार्यपालिकाको पटके वैठकवाट उल्लघन हुनु उचित होइन ।

७७ **संघिय अनुदान तर्फ**

यस वर्ष संघिय अनुदान (पुँजिगत) तर्फ विभिन्न ५ योजनाका लागि रु. ३ करोड १५ लाख वजेट विनियोजन भई देहाय वमोजिम ४ वटा योजना कार्यान्वियनमा आएका छन् ।

| सि.नं. | योजनाको नाम | वजेट रु. हजारमा | खर्च रु. हजारमा | वित्तिय प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १. | कटहरे वासकोट सडक कालोपत्रे | ३००० | २४१९ | ८१% |
| २. | गोलाभञ्ज्याङ्ग चामभञ्ज्याङ्ग स्याउली सडक स्तरोन्नती | ३००० | ३००० | १००% |
| ३. | निलकण्ठ क्याम्पस होस्टेल निर्माण | १२५०० | - | - |
| ४. | महेन्द्र मा.वि. होस्टेल निर्माण | ८००० | ५७३२ | ७२% |
| ५. | सिरान वजार भुलभुले पातले सडक स्तरोन्नती | ५००० | ३०२२ | ६०% |

महेन्द्र मा.वि. होष्टेल निर्माण सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् -

**डण्डिको नर्मस भन्दा वढी भुक्तानी** – निर्माण व्यवसायी थर्ड आई कष्ट्रक्सन संग २०८०।११।८ मा ठेक्का रकम रु. ५७६६१०५।०५ मा सम्झौता भई अन्तिम विलवाट रु. ५७३१६४९।– भुक्तानी भएको देखिन्छ ।ठेकेदारलाई निर्माण अवधी भर रु. २२०९९४९।– भेरिएशन भुक्तानी भएको छ ।भेरिएशन TMT Bar 500 Grade को परिमाण १४७५८.४६ Kg मापन भई ३६०८।६५ के.जी. भेरिएशनको परिमाण थप भएको देखिन्छ ।सोही कार्यमा प्रयोग हुने डण्डीवाट निर्माण हुने Masonry work R.C.C को परिमाण मुल्यांकन घटेको देखिन्छ । R.C.C को BOQ परिमाण 94.42@12000 रहेकोमा सो कार्य भेरिएशनवाट घटी ८१.८१ कायम हुन आएको सो अनुपातमा डण्डीको परिमाण खपत घट्नु पर्नेमा वढेकोले स्वभाविक मान्न सकिएन । शहरी विकास तथा भवन विभागको स्वीकृत स्टाण्डर्ड विडिङ्ग नर्मसमा R.C.C परिमाणको १.५% प्रतिशत डण्डी कन्जम्सनको नर्मस रहेको देखिन्छ । सो नर्मस अनुसार मापन गर्दा ८१.८१ को नर्मस अनुसार डण्डीको खपत ८१.८१×७८५०×१.५० ले ९६३३ के.जी. हुनेमा भेरिएशन वाट २.२९% कन्जम्सन गरेको देखिएकोले फरक नर्मस ०.७९×७८५०×८१.८१ ले हुने ५०७३.४४ के.जी. को ११३ को दरले जम्मा रु. ५७३२९८।७२ बढी भुक्तानी भएको देखिन्छ । भेरिएसन भएको डण्डिको आधार कारण सहितको भेरिएसन आदेश स्विकृत गरी आनुपातिक रुपमा डण्डीको खपत र आर सि सि संरचनाको निर्माण समेतलाई मध्यनजर गरी उपयुक्त नर्मस अनुसारको डण्डीको खपत नियन्त्रण गर्नुपर्दछ ।

(पालिकाको भनाई: पालिकामा ५ तल्ला सम्मको भवनको काम भएकोले स्विकृत डिपिआर प्रतिवेदनले structural design report वाट आएको डण्डि प्रयोग भएको नर्मस् १-४ प्रतिशत राख्न मिल्ने व्यवस्था अनुरुप reinforcement को क्षेत्रफल बढाउने र अर्को concrete

को size (structural area) बढाउने विकल्पमा structural design मा reinforcement area बढाउने गरी डिपिआर प्रतिवेदन को design मा रहि काम भएको पालिकाले जनाएको छ ।)

७८ **प्रशासनिक भवन निर्माण**

सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाई पालिकाका काम कार्वाही पारर्दशी, मितव्ययी एवं समय सिमा भित्र सम्पादन गरी शुसासनको प्रत्याभुती सेवा ग्राहीलाई दिने उद्धेश्यका साथ नयाँ प्रशासनिक भवन निर्माण गर्न १८ करोड वजेट विनियोजन भई लगत ईष्टिमेट १५४४४३४५४।– स्वीकृत गरेर ठेक्का आह्वान भएको देखियो । निर्माण व्यवसायी अमेक्षा फुलमुन जे.भी संग २०८०।७।२१ मा रु. १२७०५२३९१।– मा सम्झौता भई २०८३।१।२० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी कार्य आदेश दिएको छ । क्रमागत योजनाका रुपमा आ.व. २०७९।८० मा उक्त योजना स्वीकृत भई लगत अनुमान अनुसारको काम, ड्रइङ डिजाइन लगायतका इन्जिनियरिङ्ग कार्यहरु गर्न केहि विलम्व भएको अवस्था देखिन्छ । हालसम्म निर्माण व्यवसायीले तेस्रो रनिङ्ग विल सम्म रु. ४१४०३०८६।६७ भुक्तानी लिइसकेको स्रेस्ता परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् ।

नगरपालिका जस्तो वढी सर्व साधारणको आवतजावत हुने कार्यालयको भवन निर्माणका लागि प्रयाप्त पार्किङ्ग तथा खुल्ला क्षेत्र आवस्यक पर्नेमा नक्सा डिजाइन गर्दा यस विषयलाई प्राथमिकता नदिएको, जग्गा अभावमा भुमीगत पार्किङ्गको प्रस्ताव गरिएको, त्यसमा पनि आवागमन र प्रस्थान एउटै एलाईमेन्ट वाट हुने गरी डिजाइन गरेको कारण पार्किङ्ग तथा सवारी जामको समस्या हुने स्थलगत अनुगमनवाट देखियो । ५ तलाको उक्त बहुतले भवनको डिजाइन गर्दा खुल्ला स्थान लगायत पार्किङ्गको आवतजावत समेत विचार गरी भवनको डिजाइन स्वीकृत भएको देखिएन ।



७९ **पर्यटन वोर्ड तर्फ**

७९.१ पर्यटन वोर्डको ८० प्रतिशत तथा नगरपालिकाको २० प्रतिशत लागत साझेदारीमा निम्नानुसारका ४ आयोजना कार्यान्वयनका लागि ६६ लाख ५० हजार वजेट विनियोजन भई पर्यटन वोर्ड तर्फ रु. ३१९०१३०।– तथा नगर पालिकाको लागत सहभागिता ३०९६३६०।– समेत रु. ६२८६५००।– खर्च भएका श्रेस्ता परीक्षणवाट देखिएका व्यहोरा निम्न छन् ।

७९.२ **भेरिएशन (१)** - सार्वजनिक खरिद नियमावली २०६४ नियम ११८(१,२) कार्यालयले सम्झौता गर्दाका वखत पुर्व अनुमान गर्न नसक्ने काम कार्यान्वयन चरणमा गर्नुपर्ने भई कामको पुष्टयाई सहित कुल सम्झौता अंक को २५% भित्रको भेरिएशन अधिकार प्राप्त अधिकारीवाट नियमानुसार स्वीकृत गरी भेरिएशन जारी हुने व्यवस्था छ । उपभोक्ता समिति मार्फत् गराएका काममा भेरिएसनको व्यवस्था समेत नभएको अवस्थामा सम्झौता को २५ प्रतिशतभन्दा बढी प्रति आईटममा भुक्तानी दिएकोमा पालिकाले निम्न योजनामा

देहाय वमोजिम भेरिएशन रकम भुक्तानी भएको छ । Revised estimate स्विकृत गराएर मात्र यस्तो भेरिएसनको आदेश स्विकृत गरेर मात्र भुक्तानी दिने व्यवस्था हुनुपर्दछ ।

| Project Name | Summary of work | Bill Payment | BOQ | Rate | Measurement qty. | Variation Qty. | Item Variation Amount | Variation Change |
|---|---|---|---|---|---|---|---|---|
| १. गल्छी असुरेपानी कालिकास्थान पैदल मार्ग निर्माण (उपभोक्ता समिती) | Site Clearance | २०५४९९४।- | ५११ | ११०.५० | ६२५ | ११४ | १२५९७ | ५८२.५४ |
| | Store Soiling work in foundation | | ८९.२७ | ३१२६.०४ | १२०.४६ | ३१.१९ | ९७५०१ | २७.८४ |
| | Steel Railing work | | १०० | ४०१८ | १५२ | ५२ | २०८९३६ | ५२ |
| जम्मा | | | | | | | | |
| १.निलकण्ठेश्वर पार्क निर्माण (उपभोक्ता समिती) | E/W excavation foundation | २४२४३७७।- | ३१५.३३ | ११०.५० | ४०२.१८ | ८६.७७ | ९५८० | २७.५३ |
| | Roadway E/W ordinary soil | | ४५८.७७ | १२० | ५२८.२१ | ६९.४४ | ८३३२८ | १५.१४ |
| | Shuttering work Rec Work | | ४७.९७ | ४०० | ५८.६८ | १०.७१ | ४२८४ | २२.३४ |
| | Rec work | | | | | | ७७८५० | - |
| जम्मा | | | | | | | १७५०४२ | |

उपरोक्त योजनाको भेरिएशन पुष्ट्याई सहित अधिकार प्राप्त अधिकारीवाट स्वीकृत भए पछी मात्र भेरिएशन रकमको भुक्तानी हुनु पर्नेमा सो वेगर खर्च लेखेको छ । भेरिएशनको आधार, कारण समेत खोली प्राविधिक पुष्ट्याईँ सहितको सिफारिसका आधारमा निर्माण कार्यमा भएको थप कार्य परिमाण तथा नयाँ कामको थपिएको परीमाणको भेरिएशन स्विकृत भएको आधारमा मात्र खर्च लेख्नुपर्दछ ।

७९.३ **भेरिएशन (२)** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(१,२) मा कार्यालयले ठेक्का कार्यान्वयनको समयमा BOQ मा स्वीकृत Items थप गर्नुपर्ने वा नयाँ आइटमहरु समावेश गर्नुपर्ने अवस्था भई अधिकारी प्राप्त अधिकारीले सिमा भित्रको भेरिएशन पुष्टयाई समेत जारी गरी स्वीकृत गर्नुपर्ने र सो आधारमा भेरिएशन रकम भुक्तानी हुने व्यवस्था छ । पालिकाले मर्मत कार्यमा समेत भेरिएशन जारी नगरी अन्तिम विलमा भेरिएशनको रकम थप गरी ठेकेदारलाई भुक्तानी गरेको छ । आईटम भेरिएशन स्वीकृत नगरी भुक्तानी दिएको सम्वन्धमा भेरिएशनको आधार, कारण समेत खोली प्राविधिक पुष्ट्याईँ समेत संलग्न गरी थप निर्माणको भेरिएसन स्विकृत गरेर खर्च लेख्नुपर्नेमा सो वेगर भेरिएसन गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | ठेकेदारको नाम | भुक्तानी रकम | भेरिएशन भुक्तानी | आईटम भेरिएशन प्रतिशत | भेरिएशन आईटम |
|---|---|---|---|---|---|---|
| १. | व्यापारी वगैचा खानेपानी योजना | प्यालदोर हिमाल निर्माण सेवा | ५३३११७४ | ७३६२४४।७८ | १२।४४ | ६ |
| २. | रायाटार अल्छी डाँडा खेल मैदान | गरिवी कष्ट्रक्सन प्रा.ली. | १३१४२३३२१ | ८२२०८० | १४.४४ | ३ |
| ३. | विपद हल मर्मत कार्य | आर जी एम कष्ट्रक्सन एण्ड सप्लायर्स | २३१३९४८ | २१८७७८ | ८६.१५ | ३ |
| ४. | नगर कोरीडोर निर्माण | वि.जी. एस. कष्ट्रक्सन | ४५४९३६६ | ९४३८८ | २१.८० | २ |
| | **जम्मा** | | **१८७१४९०।७८** | | | |

८० **बैठक भत्ता**

पालिकाले यस वर्ष निम्नानुसारका शिर्षक अन्तर्गत वजेट विनियोजन गरी वैठक भत्ता शिर्षकमा खर्च लेख्दै आएको छ । पालिकाले विषयगत कार्यक्रम वाहेक नियमित वैठकको लागी निम्नानुसारमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको छ । पालिकाले आफ्नो आन्तरिक आयलाई समेत ध्यान दिई वैठकको अपरिहार्यता, वैठकमा सहभागी नर्मस् अनुसारको संख्या समेत विचार गरी तोकिएको सीमाभित्र मितव्ययी तवरमा बैठक भत्ता खर्च लेख्नुपर्दछ।

| **बैठक शिर्षक** | **वजेट खर्च** |
|---|---|
| कर्मचारीको बैठक भत्ता | १५००००० |
| पदाधिकारी वैठक भत्ता नगर कार्यापालिका कार्यालय | ४१०४५१ |
| पदाधिकारी वैठक भत्ता वडा कार्यालय | ४०३२००० |
| विविध बैठक संचालन | १५००००० |
| जम्मा | ७४४२४५१ |

८१ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । योजना कार्यान्वियन सम्वन्धी सफ्टवेयर खरिद वापत हिमालयन इन्स्टिच्युट अफ टेक्नोलोजी लाई रु.४९२९०६ भुक्तानी गरेकोमा उक्त सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई खरिद एवं उपयोग गर्नुपर्दछ ।

८२ **तल्लो भुलभुले पात्ले सडक - म्याद थप**

सार्वाजनिक खरिद ऐन २०६३ को दफा ५६ मा मनासिव कारण पेश भएमा म्याद थप गर्न सकिने उल्लेख छ । तल्लो भुलभुले पात्ले सडकको लागत अनुमान रु. ३९६३१४६।– स्वीकृत भई निर्माण व्यवसायी एन.एस.एन कष्ट्रक्सन प्रा.ली. संग मिति २०८०।३।१५ भित्र सम्पन्न गर्ने गरी मिति २०८०।३।३ मा रु. २७,१७,३४९।- को सम्झौता भएको देखिन्छ । निज ठेकेदारलाई २०८०।३।१५ मा ठेक्का सम्पन्न गर्नुपर्ने गरी कार्यादेश भएकोमा निजले १२ दिनमा सडक निर्माणको कार्य सम्पन्न गर्न सक्ने गरी ठेक्का कार्यान्वयनको अवधी राखी वोलपत्र आहवान गर्दा अनुमान नगरेको देखियो । निजले उक्त ठेक्काको म्याद थप माग गरी २०८०।०९।३० सम्म ६ महिना म्याद थपेको छ । ठेक्काको शुरु अवधिको अस्वभाविक समय थपी ठेक्का कार्यान्वयन गरी रु.२७१७३४०।– भुक्तानी दिएको

देखियो । ठेक्का आव्हान गर्दा निर्माण कार्यको लागी आवश्यक पर्ने समय दिई तालिका अनुसार निर्माण व्यवसायीलाई कार्यान्वयनका लागी ताकेता गरी समय सिमा भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

८३ **प्रदेश सरकार हस्तान्तरित**

यस वर्ष प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम तर्फ विभिन्न ९ वटा योजनाका लागि रु. ५ करोड वजेट विनियोजन भई, शर्शत अनुदानवाट ६, विशेष अनुदानवाट १, समपुरक अनुदानवाट २ वटा योजना कार्यान्वियन भई देहाय वमोजिम वजेट खर्च भएको विवरण प्राप्त भएको छ।

| अनुदान शिर्षक | योजनाको नाम | विनियोजन वजेट(०००) | खर्च (०००) | वित्तिय प्रगती |
|---|---|---|---|---|
| शर्शत अनुदान | गुठे कुलो तथा आगे खोल्सा तटबन्ध निर्माण | २००० | १९४० | ९७% |
| | विर्ता वेशी जलविरे सिचाई कुलो निर्माण | २५०० | २४२३ | ९७% |
| | भैरवी मन्दरिरमा पुर्वाधार निर्माण | २५०० | २३१३ | ९२% |
| | पौवा खाल्टा सातदोवाटो पोखरी डाडा सडक स्नरोन्नती | २५०० | २४२५ | ९७% |
| | रातमाटे तल्लो भालुवान सडक स्तरोन्नती | २५०० | २४१२ | ९६% |
| | आपश्वारा मधुवन सडक स्तरोन्नती | ३००० | २९०६ | ९६% |
| विशेष अनुदान | कर्णेश्वर मा.वि. होस्टेल निर्माण | १०००० | ७००४ | ७०% |
| समपुरक अनुदान | हनुमानडाडा राममन्दिर हुदै जाने कृषि सडक स्तरोन्नती | १५००० | १०६७५ | ७१% |
| | घिमिरे जंघार देउराली आमश्वारा वटुवा लोर्के पहरो सडक स्तरोन्नती | १५००० | ९८१८ | ६५% |

उपरोक्त योजनाहरु कार्यान्वियनका श्रेस्ता परीक्षणवाट देखिएका व्यहोरा निम्न छन् ।

**भेरिएशन (१) :** हनुमानडाडा राम मन्दिर कृर्षि सडक निर्माण कार्यको सम्झौता रु. २१६२४७२६।– मा सडक स्तरोन्नती गर्ने गरी निर्माण व्यवसायी पृथ्वी, एन. एस. एन जे भी संग २०८०।९।१७ मा सम्झौता भई २०८१।३।१६ मा सम्पन्न गर्ने गरी कार्यादेश दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका वखत पुर्व अनुमान गर्न नसकिने परिस्थिती सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भई ऐनको दफा ५४ वमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा उप नियम २ (ख) अनुसार भेरिएशन परिमाणको यथेष्ट पुष्ट्याई र कारण खोली सार्वजनिक निकायको प्रमुखले भेरिएशन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यसरी भेरिएशन हुदा आइटमवाइज २५ प्रतिशत र कुल ठेक्का सम्झौतामा २ प्रतिशत नवढ्ने गरी आदेश स्वीकृत गर्नसक्ने व्यवस्था छ । यस सडक निर्माणको क्रममा देहाय वमोजिम भेरिएशन गरी भुक्तानी भएको छ । पुष्ट्याईको आधार, कारण वेगर योजनामा भेरिएसन स्विकृत नगराई खर्च लेख्ने प्रवृतिमा सुधार हुनुपर्दछ ।

| BOQ Items No | Summary of work | BOQ | Rate | Actual measurement qty. | Variation Qty. | Variation Amount | Variation Change% |
|---|---|---|---|---|---|---|---|
| 7. | e/w earth work at foundation structure | 1097.13 | 193.63 | 1380.89 | 283.76 | 54945 | 25.86% |
| 22. | Construction Embankment | 330 | 292.8 | 472.50 | 142.5 | 41724 | 43.18% |
| | Total | | | | | 96669 | |

**भेरिएशन (२):** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार सार्वजनिक निकाय प्रमुखले भेरिएशन स्वीकृतका लागि भेरिएशन आदेश जारी गर्नु पुर्व आईटमवाइज BOQ मा उल्लेखित स्वीकृत परिमाणको वढिमा २५ प्रतिशत एवं कुल ठेक्का अंकको कार्यालय प्रमुखले २ प्रतिशत सम्मको भेरिएशन पुष्टयाई सहित स्वीकृत गरी कार्यान्वयन गर्ने सक्ने व्यवस्था, विपरित सिलिङ्ग भन्दा वढी दरको भेरिएशन स्वीकृत वेगर खर्च लेखेको देखियो । कर्णेश्वर होष्टल निर्माण कार्यको सम्झौता रकम रु. ६९८२८६३।१४ स्वीकृत भई निर्माण

व्यवसायी सुन्दरादेवी निर्माण सेवाको अन्तिम विल रु. ६९०६९२५।५३ भुक्तानी हुंदा थप रु. ३८३८८८ को आईटम भेरिएशन स्वीकृत नभई भुक्तानी खर्च लेखेको पाईयो । भेरिएशनको आधार, कारण समेत खोली प्राविधिक पुष्ट्याईँका आधारमा निर्माण कार्यमा भएको थप कार्य परिमाण तथा नयाँ कामको थपिएको परीमाणको भेरिएशन स्विकृत भएको आधारमा मात्र खर्च लेख्नुपर्दछ ।

| S.N. | Summary of work | BOQ | Rate | Measurement qty. | Variation Qty. | Variation Amount | Variation Change |
|---|---|---|---|---|---|---|---|
| 1. | Supply & fixing UPVC door | 26.77 | 8000 | 29.38 | 2.61 | 20880 | 9.75 |
| 2. | Cot 6 mm 3×1 cable | 20 | 2500 | 40 | 20 | 50000 | 100 |
| 3. | Stone Masonry work | 40.26 | 7000 | 61.57 | 21.31 | 149170 | 52.93 |
| 4. | Steel reinforcement TMT | 8218.01 | 110 | 9707.45 | 1489.44 | 163838 | 18.12 |
| | Total | | | | | 383888 | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नीलकण्ठ नगरपालिका, धादिंग , नीलकण्ठ नगरपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पुरुषोतम सुवेदी | २०८०-१-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आर्जन श्रेष्ठ | २०७९-४-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ० | ४,४४३,१७९ | २१९,९१२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४,६६३,०९१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,२४३,०८९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,४२०,००२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २०११७१५२३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६७१५८८३५० | **चालु खर्च** | ७२२२०५५२६ |
| **प्रदेश सरकारबाट अनुदान** | १०१२१७००० | **पूँजीगत खर्च** | ३०६८३९९४२ |
| **राजश्व बाँडफाँट** | १९९२५७६४१ | **वित्तीय/अन्य व्यवस्था** | ४०६५४५१८५ |
| **आन्तरिक आय** | ४०९८२६७० | | |
| **अन्य आय** | ३५४४३५२०९ | | |
| **कुल आय** | १३६७४८०८७० | **कुल खर्च** | १४३५५९०६५३ |
| **बाँकी मौज्दात** | | १३३०६१७४० | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्ने तथा सो को विवरण सार्वजनिकरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको, बचत-क्रण कारोवारको अवस्था सुनिश्चित गर्नुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- कर्मचारीको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषमा रकम खर्च गर्दा नियमानुसार गर्नुपर्ने योगदान सुनिश्चितता हुनुपर्दछ ।

- भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सामयिक प्रतिवेदन नदिने र प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन समेत नभएकोले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निर्माण कार्यको सामाजिक परीक्षण गर्नुपर्दछ।

- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।

- आय व्ययको अनुमानमा कार्यक्रम एकिन गरी वजेट विनियोजन गर्ने, अवण्डा वजेट नराख्ने साथै रकमान्तरको हकमा समय र रकमको सिमाभित्र रहेर वजेट कार्यान्वयन गर्नुपर्दछ ।

- अनुगमन कार्यलाई कार्यक्रम कार्यान्वयनसँग सम्वन्धित शाखामा केन्द्रित गरेर औचित्य विश्लेषण गरेर मात्र अनुगमनको दायित्व भुक्तानी हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।